यसपछि यस सालिकको सुरक्षाका लागि भोटु पाँडेले लुभु सेराको १५० रोपनी अर्थात् ६०० मुरी माटाका ६ खेत गुठी पनि राखिदिए ।[10] यस घटनाबाट भोटु पाँडेको हृदय धर्ममा राजारानीको भक्तिमा कति आकृष्ट भएको थियो भन्ने कुरा स्पष्ट हुन्छ । भोटु पाँडेले राखेको सो सालिकमा कुँदिएको श्लोकले उपर्युक्त कारुणिक कुरा नै व्यक्त गर्दछ । सो यस प्रकार छ–

वर्षे वन्हिरसैर्गजेन्द्र धरणीसंख्यामिते माधवे
मासे देवगुरौ षडाननतिथौ पक्षे सिते सत्वरं ।
साध्वी शंभुसरित्तटे रणबहादुरेण भर्त्रा समं
त्यक्त्वा देहमगात् गिरीशपदवीं श्रीराजराजेश्वरी ।।

सम्वत् १८६३ साल आश्विन शुदि १३ रोजमा यो सालिक श्री कपर्दार भोटु पाँडेले बनाई चढ्हायाको हो । सुभम् ।

वि. सं. १८६३ शुदि ६ बिहीवारका दिन हड-बड्याउँदै वागमतीको किनारमा आई आफ्ना स्वामी श्री रणबहादुर शाहका साथमा सती गएर देह छाडी पतिव्रता महारानी राजराजेश्वरी देवी शिवपुरीमा प्राप्त भइन् ।

यो सालिक स्थापना गरेको महीना नबित्दै कार्तिक शुदि पूर्णिमामा पुनः भोटु पाँडेले आफ्ना छोरा सहित भएर पशुपतिनाथको दक्षिण ढोकानेर रहेको धर्म-शिलाको जीर्णोद्धार गरी नयाँ बनाइदिए ।[11]

यी बाहेक धर्मात्मा दयालु कपर्दार भोटु पाँडेले आफ्नो जीवनको अन्तिम भागमा गरेका धार्मिक कार्यमा काठमाडौं शहरबाट स्वयम्भू जाने बाटोमा पर्ने विष्णुमती-का पुलको जीर्णोद्धार पश्चिम पहाडतिरबाट आउने बाटोमा पर्ने सोह्रखुट्टे पाटीमा धर्मशाला बनाएर त्यता-पट्टिबाट आउने यात्रुको लागि सदावर्त र तुलस्याहीमा मन्दिर अर्को सदावर्तको स्थापना, नरदेवी मन्दिरको जीर्णोद्धार देवीको पूजाजात्रा गुठीको प्रबन्ध आदि प्रमुख थिए ।

वि. सं. १८४९ मा नेपाल–चीन युद्ध हुँदा यहाँ आएका प्रतिनिधि चिनियाँ र भोटे काजी थुनिएर रहेका थिए । युद्ध चम्कँदै गएका बेलैमा रोकिएका आफ्ना मानिस छुटाउने उद्देश्यले टुङथ्वाङले सलुक गर्ने प्रस्ताव गरी पत्र पठाए । यताबाट पनि नेपाल सरकारले सलुक गर्ने ध्येयले चीनी भोटे काजी साथ लाएर काजी रणजित पाँडे, कपर्दार भोटु पाँडे, टक्सारी नरसिंह गुरुङ्ग, राम-दास पन्त र बलभद्र खवासहरूलाई पठायो । त्यसपछि कुरा फेरेर चिनिया वजीर टुङथ्वाङले रणजित पाँडे र बलभद्र खवासलाई मात्र यता पठाइदिए, अरूलाई उहीं रोकिराखे । यस अवस्थामा थुनछेकमा परेका भोटु पाँडेले आफू विपदबाट छुटकारा पाउने आशयले होला, आफ्नो घर भएको डट टोलनेरकी डटेश्वरी नरदेवीको पूजा गर्ने मन्दिरको जीर्णोद्धार गर्ने गुठी राख्ने जात्रा गर्ने के के भाकल गरेका थिए । छुटेर आएपछि त्यही भाकल पूरा गर्न उनले नरदेवी स्थानमा चाँदीका पूजा भाँडा चढाए, पछि फेरि मन्दिरको जीर्णोद्धार गरी छाना थपी सुवर्णले लेपित पनि गरे । देवीको बलि पूजा जात्रा आदि चलाउन धेरै खेत बारी गुठी राखी आफ्ना टोलेहरूलाई गुठियार नियुक्त गरेका थिए ।[12]

भोटु पाँडेले धर्मशाला धारा बनाउने, पोखरी खनाउने काम पनि गरेका थिए । आफूले बनाएको धारा पोखरीको लागि गुठी पनि राखेका थिए । श्री ५ गीर्वाण-युद्ध विक्रमलाई साधेर पाएको बिर्ता जग्गा ७ रोपनीमा पोखरी र १० रोपनी खेत गुठी राखी वि. सं. १८६४ मा अभिलेख स्थापना गरेका थिए ।[13]

भोटु पाँडेले गाईवस्तुलाई चरनको लागि गौचर राखेको, गाई–गोरुलाई नून, गहुँ खुवाउन भनी जग्गा, गुठी राखेको चर्चा हामीले माथि गर्यौं, यस अति-रिक्त पशुपतिका आसपासका जङ्गलका बाँदरलाई मकै खुवाउन भनेर पनि रानीवननेरको पाखो, बारी र जग्गा गुठी राखेका थिए । त्यस जग्गाबाट २१ मुरी १२ पाथी मकै आयस्ता आउँथ्यो । त्यस आयस्ताबाट प्रतिदिन पशुपतिका बाँदरलाई ४ माना, गुह्येश्वरीका बाँदरलाई ३ माना र गोरखनाथका मृगस्थलीका बाँदरल ई १ माना का दरले गुठियारमार्फत बाँडिदिने व्यवस्था पनि बाँडि-दिएका थिए ।[14]

यसरी भोटु पाँडेले घर पालुवा गाईवस्तु र वनैया बाँदर-लाई मात्र सदावर्त लाएका थिएनन्, अपितु टाढा टाढाबाट पश्चिम पहाडतिरबाट आउने यात्रुहरू र जोगी जंगमहरूको लागि बास बस्ने पाटी र भोजनको लागि सदावर्त लाउने व्यवस्था पनि गरिदिएका थिए । यो एक धर्मशाला सदा-वर्त आफ्नो घरबास भएको नरदेवीको डट टोल नजीकै पश्चिमतर्फबाट शहर पस्ने ढोकैनेर सोह्रखुट्टे पाटीमा थियो । अर्को धर्मशाला र सदावर्त महोत्तरी जिल्लामा मटिहानी मठ नजीकै तुलस्याहीमा पनि थियो । तुलस्याही-मा त यिनले एउटा ठूलो लक्ष्मीनारायणको मन्दिर पनि बनाएका थिए । तुलस्याही भन्ने स्थान मटिहानीको एक कोश पूर्वपट्टि नेपाल–भारत सीमा नेरैको ठूलो फाँटमा अवस्थित छ । लक्ष्मीनारायणको मन्दिर धर्मशाला बगैंचा, जलाशय आदिको निर्माण गरी आउने यात्री, जोगी जङ्गमहरूलाई सदावर्त गाई भोजन गराई भोटु पाँडेले आफ्नो र आफ्ना बाबु बाजेको पुण्य बढाएका थिए । यसको लागि उनले महोत्तरीको यही तुलस्याहीको आस–पासमा धेरै विघा जग्गा गुठी राखेका थिए । यही मधेश

जग्गाको आयस्ताले काठमाडौंको र तुलस्याहीको लक्ष्मी-नारायण स्थानको पूजाआजा, सदावर्त पनि चल्दथ्यो। दुबैतर्फको सदावर्त चलाई लक्ष्मीनारायणको पूजा गरेर पूजारीलाई खान्की दिएर बाँकी रहेको आयस्ता आफ्ना छोरा गजदल पाँडेले खानू भन्ने व्यहोरा उक्त शिलालेखमा लेखिएकोले उनका वंशजले अहिलेसम्म नै सो तुलस्याही मन्दिरको पूजा चलाई आयस्ताको उपभोग गर्दै आएका छन्। तुलस्याहीमा राखिएको एक ठूलो शिलालेख त्यहींका मन्दिरका घण्टाका अभिलेखले पनि भोटु पाँडेका कीर्तिलाई अमर गराइरहेछन्।[15]

टिप्पणी

१) श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको उपदेशबाट।
२) धनबज्र बज्राचार्य समेत सम्पादित शाहकालका अभिलेख, पृ. १७२–१७३।
३) उही, पृ. २७४, २७८, २८२, २८६, २९०, २९४, २९९ र ३०२।
४) नरहरिनाथ सम्पादित इतिहास प्रकाश, पृ. १५०।
५) धनबज्र, ज्ञानमणि—ऐतिहासिक पत्र संग्रह, पृ. ५९।
६) यही तल परिशिष्टमा प्रकाशित पत्र द्रष्टव्य।
७) शाहकालका अभिलेख, पृ. २१९, २३४, ३५०, ३७२।
८) उही, पृ. २३९।
९) संस्कृतसन्देश, वर्ष १, अङ्क ६, पृ. १८।
१०) शा. अभि., पृ. ४३४।
११) उही, पृ. ४३२।
१२) उही, पृ. ३६६—७०।
१३) उही, पृ. ४४७—४८।
१४) उही, पृ. ४५९—६०।
१५) यही तल परिशिष्टमा प्रकाशित अभिलेख द्रष्टव्य।

परिशिष्ट

१

(प्रशस्ति)

आगे दारोगा महादेउ पाध्या दामोदर जैसी मधु षवास जोरावर षवास अर्भसिं षवास प्रति जाघीआ षोला षेदा हाती मध्ये भोटु पांडे नरसिंह टकसारीके चीनीयासीत घाई गरि आग्राको सीरोपाव हाती बुइ २ हात नवो ९ तनुषाह गरि बक्स्यौं वमोजीम तपसील भरीदेउ. बही बुझदा मोजरा पर्ला.....

तपसील

भोटु पांडेके हाती १ हात ४।।
नरसिंह टक्सारिके हाती १ हात ४।।
इती सम्वत् १८४९ साल फागुन वदी ६ रोज ७ शुभम्
१२/१६०

(यो पत्र जगमान गुरुङ्गको नेपालको एकीकरणमा गुरुङ-हरूको भूमिका, पृ. १३१ मा पनि प्रकाशित छ।)

२

(प्रशस्ति)

आगे टकसारि नरसिंहप्रति पाठनका श्रीदेगुलतलेको छानामा सुन अपनाकन बेस पन्नादार सुना तोला ३३ दर १७ रुपैयाको सुन भोटु पाडे कपर्दार मार्फत भरीदेउं टकसारको बहि बुझदा मोजरा पर्ला इती सम्वत् १८५० साल मिती वैसाक वदि १० रोज

२९।१८०

३

महोत्तरी मटिहानीनेर तुलस्याहीको नारायण मन्दिरको भोटु पांडेको अभिलेख

(चन्द्र) (सूर्य)

(गरुडनारायण)

श्रीरामज्यू ६ श्री पंचायेत देवता

१ स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादि
विविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महारा-
जाधिराज—
२ श्रीश्रीश्रीमहाराजे गीर्वाणयुद्धविक्रमसाहबहादुरसम्सेर-
जङ्गदेवानाम् सदा समरविजयिनाम्= आगे कपर्दार
भोटु पाडे
३ के तैंले आपना बाबु बराज्यूको नाउमा पकनाजोलमा
धर्म्मसाला बनायाको सदावर्त रापनानिमित्त जिल्लै
महुतरि प्रगन्ना कौरा
४ डिमध्ये माधो साहिले कालाबंजर बसायाका एकसठ्ठि
सालमा कपर्दारि पानगिमा पऱ्याको मौजे बहेडा
गैंह असलि दायलि ससि—

५ मको मेडबन्दी मोफसलका अमला शुब्बा नैनसि डिठा शुवा गजसि फौजदार धर्म्मसि भडारि श्रीकृष्ण चौभान फौजदार रमानन्द पाध्या

६ मोनसिफ मोहर चौधरि गंगाराम चौधरि पेस्कार लालसिदास मोहनदास नायेब पेस्कार धर्मपतिदास नारायणदत्तदासका चौधरि लालदास तजधा (?)

७ चौधरि चूडामणिदास कानुगोए तोतिरामदास जैवार महंत वनमालिदास रघुनाथ राये जेठरैयति प्रगन्ना महुतरि चौधरि बुधसेनदास हिर्द

८ सिदास प्रगन्ना षेसराहा कानुगोये लेषनारायणदत्त प्रगन्नामहुतरि लाला बैजुलाल सिमानदार वाकिफ-कार पिथि राउतहरूले ग—

९ न्यावमोजीम तस्को साध उत्तरका सिमाना बुढज मुनि सतबेधाका पछवारि कान्हीपर सिमरका गाछ छोटा तिस्का पश्चिम येक

१० र सिपर पिगरका गाछ तिस्का उत्तर चार डेगपर किलाकोइला १ तिससौ पश्चिम धनहर चौरिका पश्चिमदक्षिण उत्तर दछि.

११ न नांसिछोटा तिस्का पछुवारि काधिपर किला कोइला १ तिस्सौ पश्चिम जीमडका गाछतर किला कोइला १ तिस्सौ पश्चिम कुकु

१२ र धरि पोखरिका दक्षिण धुरपूर्व पश्चिमे धुरका पछनारि मुहुडा कोइलाकिला १ किलाकोईलासौ उत्तरे दछिने धुर धुरका उत्तर

१३ वारि मुहगपर किलाकोइला १ किलाकोईलासौ पश्चीममुहं धुर धुरसौ पश्चिम पोषरिको दछिन-वारि भिडासौ पश्चिम

१४ जिमडाका गाछ तिस्सौ पश्चिम डोंडिका पछवारि कांधिपर किलाकोइला १ तिस्सौ पश्चिम सोझ दोश्रा डोंडिका पुवारि

१५ काधितक तिस्सौ उत्तर मार्धा साहिका जिराति डोंडिको उत्तर वारि आरितक तिस्सौ दक्षिण नया भिडक पुवारिकात कि—

१६ लाकोईला १ किलाकोईलासौ पश्चिम षलहद्दिडिहका पूर्व डोंडाका पुवारि काधिपर कोईलाकिला १ किला कोई

१७ लासौ उत्तर घाधरि दाषिल डोंडा तिस्का पुरवारि किलाकोइला १ तिस्सौ पश्चिम घाधरि दाषिल बिगहि नदि पछ

१८ वारि सिमात (क) बिगहि नदि दछिनका सिमान विमहिजमुनिका दोमुहानसौ उत्तर तिस्सौ पूर्व जमुनी नदिसौ सामि

१९ ल सतवेधाका वुढ जमुनिका दोमोहानतक तिस्सौ उत्तर पहिला किलाकोइला सतवेधा बुढजमनिका

२० पछवारि काधिपर छोटासिमरको गाछ तिस्का पश्चिम पिडारको गाछका उत्तर चार डेगपर को

२१ ईलाकिलातक हदमहद येति सिमानभित्रको जगाको तम्वापत्र मोहर गरिबक्स्या यो जगा

२२ को उत्पन्नले सदावर्त्त चलाउनु यो सदावर्त्त यो षंडित् गर्नामा पस्ला हिंदु भया गाइ मार्न्याको पाप मुस

२३ लमान भया हराम षाया मार्न्याको पाप लागला जस्ले यो जगा सदावर्त्त थामनामा पस्ला तसलाई श्रीपञ्चायन

२४ देवताका सुद्रिष्टि होला

स्वदत्तां परदत्तां च यो हरेच्च वसुंधराम्
षष्ठिवर्ष सहस्राणि विष्ठायां जायते क्रि

२५ मि. इति सम्वत् १८६२ साल मिति चैत्र शुदि १ रोज ६ शुभम्

२६ मोहरमा मार्फत रह्माको मार्फत प्राणसाह
मार्फत रणद्योत साह मार्फत सेरबहादुर साह

२७ मार्फत रणजित पाडे मार्फत भिमसेन थापा
मार्फत दलभंजन पाडे मार्फत रणध्वज थापा

२८ मार्फत बहादुर भण्डारि मार्फत बालनरसिंह कुवर
मार्फत नरसि मार्फत उर्दै गीरि शु

२९ भम्=

३० र्यस जगाका उत्पंनले पकनाजोलमा धर्मसालाको सदावर्त्त र तुलस्याहिमा स्थापना

३१ गर्न्याको स्वामिनारायणका थानमा सदावर्त चलाई ब्रैजन देवताको नीत्ये नैमित्ति—

३२ क पूजाको सराजाम कत्तितक (न) घटाई पुजा गर्नु पुजाहारिको षानगि पनि सालिन्ना

३३ क (त्ति) नघटाई दिनु येति षर्च गरि सेक बाकि रह्याको गज दल पांडेले षानु भनि बंदे
३४ (ज बांधी) राष्यौं— — —

(यो अभिलेख मटिहानी मठदेखि सोझै १ कोश जति पूर्वपट्टि नेपाल–भारत सिमाना नजीकै तुलस्याहीमा भोटु पाँडेले स्थापना गरेका नारायण मन्दिरको प्राङ्गणमा अवस्थित छ। यो अभिलेखको उतार मैले जनकपुर जलेश्वर मटिहानीका अभिलेख उतारेर ल्याउने प्रसङ्गमा जाँदा पाएको हुँ। यसको उतार लिंदा मेरा साथ जाने पुष्पप्रसाद घिमिरेले सहयोग गरेका थिए।)

(अभिलेखको शिरमा चन्द्र, सूर्य र माझमा नारायणको चित्र कोरिएको छ। अभिलेखको शिलामाथि ७१ से.मी., तल ३३ से.मी. चौडाइ छ, १ मी. ९ से.मी. लामो छ। यही बेहोराको अर्को अभिलेख सोन्हखुट्टे पाटीमा पनि छ।)

४

तुलस्याहीका नारायण मन्दिरका घण्टाको बजदल पाँडेको अभिलेख

सम्वत् १८७५ साल माघ सुदि १५ रोज ४ का दिनमा तुलस्याहिका श्री ३ स्वामिनारायेण प्रिति गरि श्रीकपर्दार भोटु पांडेले चौविस धार्नी— —का घन्टा चन्हायाको हो. बिघ्नि फुटदा ७ धार्नि थपि (सं.) १८९३ साले मिति आषाढ सुदि ११ का दिन ३१ धार्निका घंट= श्रीगजदल पांडेले चन्हायाको हो ।।.।।

भोटु पांडेको वंशवृक्ष

गणेश पाँडे (गोरखामा राज्य संस्थापक द्रव्य शाहका प्रमुख सहयोगी)

विष्णु पाँडे

विरु पाँडे

बली पाँडे

विष्णुदास पाँडे

तुलाराम पाँडे (काठमाडौं विजयका दिन बैरीले छरेको बारुदमा सल्की तलेजुमा मृत्यु)
(सरस्वती)

जगजित पाँडे रणजित पाँडे ब्रजवासी पाँडे भोटु पाँडे (कान्छा)
(अन्नपूर्णा प्रशोदा)

बलमञ्जन पाँडे गजदल पाँडे गरुडध्वज पाँडे

नेपालमा मानवको उद्भव र विकाससम्बन्धी चिन्तन–परम्परा : एक अध्ययन

–केदारनाथ प्रधान

विषय प्रवेश

प्रस्तुत अध्ययन नेपालमा मानवको उद्भव र विकाससम्बन्धी चिन्तन–परम्पराबारे अध्ययन गर्ने उद्देश्यले तयार गरिएको छ। नेपालमा अहिलेसम्म भएका हुनसक्ने दार्शनिक चिन्तन–परम्पराबारे चर्चा गरिएको रचना प्रकाशित भएको छैन। अझ स्पष्ट गरी भन्ने हो भने दर्शन वा चिन्तन वा दृष्टिकोणको सम्बन्धमा चर्चा भएको रचना पनि पाइएको छैन। नेपालको प्राग् इतिहास र मानवको उद्भव र विकासबारे समग्र चर्चा नगरिए तापनि विभिन्न कालका प्राग् मानवका अवशेषहरू प्राप्त भएको आधारमा तीसम्बन्धी रचनाहरू प्रकाशित भएका छन्। तर दृष्टिकोणबारे एकाधमा मात्र चर्चा भएको छ र चर्चा गरिएकामा पनि एकदम कममात्र चर्चा वा उल्लेख गरिएको छ। यस किसिमको प्रतिकूल स्थितिमा पनि भविष्यमा गरिने अध्ययन र अनुसन्धानको लागि सहयोग पुग्ने अभिप्रायले यहाँ प्रारम्भिक अध्ययन प्रस्तुत गर्ने जमर्को गरिएको छ।

चिन्तनको सम्बन्धमा केही चर्चा अनुसन्धाता निरीश नेपालका दुई वटा रचनाहरू[1] मा खासगरी भारतीय चिन्तनबारे चर्चा गरी नेपाली सन्दर्भबारे पनि संक्षिप्त रूपमा भए पनि उल्लेख र चर्चा गरिएको छ। यी पंक्तिका लेखकको एउटा पुस्तिका[2] मा मानवको उद्भवको सम्बन्धमा 'किरातमुन्धुम्' र 'तम्बा कइतेन'मा भएका उल्लेख र 'सृष्टिको मुहान हिमालय' सम्बन्धी अनुश्रुतिबारे पनि चर्चा गरिएको छ। त्यस्तै अर्को पुस्तिका[3] मा दृष्टिकोणसम्बन्धी केही चर्चा र हालै प्रकाशित पुस्तक[4] मा सामान्य रूपमा भए पनि नेपालमा मानवको उद्भव र विकासबारे चर्चा गरिएको छ। ओम गुरुङ्गको रचना[5] मा नेपालको मानवशास्त्रसम्बन्धी अध्ययनमा अठारौं शताब्दीदेखि यताको सम्बन्धमा छोटो

१. 'जैनिज्म ऐन्ड बुद्धिज्म : अ कम्पैरिजन् ऐन्ड कन्ट्रास्ट्' (१९८१) र 'दि फिलोसफी अफ् चार्वाक्' (१९८१)।

२. आदि मानवको उद्गम र उद्गमस्थल (१९८८)।

३. नेपाली इतिहास लेखनबारे (१९८५)।

४. नौलो नेपाल परिचय (१९८९)।

५. 'आन्थ्रोपोलोजिकल् ट्रेन्ड् इन् नेपाल' (१९८७)।

चर्चा गरिएको छ तर त्यसअघिको चिन्तनबारे उल्लेख-सम्म पनि भएको छैन । त्यस्तै मोदनाथ प्रश्रितका पुस्तक-हरू[6] मा मानवको उद्भव र विकासबारे दुवै दृष्टिकोण (सृष्टिवादी र भौतिकवादी) अनुसार केही चर्चा गरिए तापनि नेपाली सन्दर्भबारे केही उल्लेख मात्र भएको छ । जनकलाल शर्माको पुस्तक[7]मा नेपालका मानव र समाज-बारे विस्तृत चर्चा गरिए तापनि प्रस्तुत अध्ययनसित सम्बन्धित विषयको सम्बन्धमा स्पष्ट चर्चा हुनसकेको छैन । भीमभक्तमानसि बस्नेतको पुस्तक[8] र स्वयम्भूलाल श्रेष्ठको पुस्तक[9] मा नेपालमा पाइने 'सृष्टिको मुहान हिमालय' सम्बन्धी अनुश्रुतिबारे र दोस्रोमा सृष्टिको शुरुआत हिमालयको दक्षिणको उपत्यकामा भएको सम्बन्धमा सामान्य चर्चा गरिएको छ ।

माथिको चर्चाबाट नेपालमा मानवको उद्भवको सम्बन्धमा एकाध रचनाहरूमा केही उल्लेख र चर्चा भए तापनि ती रचनाहरू पूर्ण र समग्र नरहेको स्पष्ट हुन आउँछ । यस किसिमको स्थितिमा प्रस्तुत अध्ययनको आवश्यकताबारे स्पष्ट हुन्छ । नेपालको इतिहास, सभ्यता र संस्कृतिलाई उत्तर वा दक्षिणबाट आयात गरिएको भनी मान्ने गरेको सन्दर्भमा प्रस्तुत अध्ययनको औचित्यता र महत्त्वबारे पनि प्रष्ट हुन्छ ।

प्रस्तुत अध्ययनलाई तयार पार्न सन्दर्भग्रन्थ सूची-का ग्रन्थहरू, अनुश्रुति, पुराण, केही शिलालेख र केही चिन्तकहरूसितको छलफललाई सामग्रीको रूपमा उपयोग गरिएको छ । त्यसैले लेखक सम्पूर्ण ग्रन्थकार र सहयोगी व्यक्तिहरूप्रति आभारी रहेकोछ।साथै यस लेखलाई त्रिभुवन विश्वविद्यालय केन्द्रीय इतिहास शिक्षण विभागको गोष्ठी (२०४३।३।२१)मा प्रस्तुत गर्दा विशेष प्रो. डा. प्रेम-रमण उप्रेतीद्वारा दिइएका सुझाव अनुसार केही संशोधन पनि गरिएको छ र लेखक उहाँप्रति पनि आभारी रहेको छ ।

१. प्रारम्भिक चिन्तन

हामी रहँदै आएको विश्व–जगत् र जीवनको उत्पत्तिबारे मानिसले धेरै पहिलेदेखि नै सोच्न थालेको हो र यससम्बन्धी शोध–खोज अहिलेसम्म निरन्तर जारी रहेको छ । पशु–जगत्देखि मानवलाई भिन्न बनाएको मस्तिष्क र यसको माध्यमले गरिने चिन्तन कसैको अनु-कम्पाबाट पाएको उपहार होइन । यो हामी रहँदै आएको समाजकै उत्पादन हो (चाइल्ड १९७८ : २२) । तर यो चिन्तन कहिलेदेखि शुरू भयो भनी भन्न कठिन छ र यसबारे मानवशास्त्री र समाजशास्त्रीहरूले निक्यौंल गर्न सकेका छैनन् । सामान्य चिन्तन त मानिसले आरम्भदेखि नै गर्दै आएका हुन् तर आत्मासम्बन्धी चिन्तन सम्भवत: ५० हजार वर्षभन्दा अघिदेखि नै गर्न थालेका हुन् । मरेका मानिसलाई सपनामा देखेपछि मानवका दुई वटा आत्मा रहेको र तीमध्ये एउटा आत्मा ऊ मरेपछि पनि जीवित रहन्छ भन्ने ठानी आत्मालाई मान्ने र मरेपछि लाशलाई गाड्ने चलन आजभन्दा करीब ५० हजार वर्ष अघितिर जर्मनीका निआन्डर्थल(Neanderthal) मानव मा रहेको (पूर्वोक्त : २१) पाइन्छ । समुदाय वा परिवार ठूलो भई हांगा छुटिदा गणजातिको प्रादुर्भाव भयो र रहँदै—बस्दै गर्दा स्वच्छन्द यौन स्वतन्त्रतामाथि रगतको नाताको आधारमा बन्देज लाग्दै गरेपछि भिन्न रक्त सम्मिश्रणको कारण मानवको मस्तिष्कको क्षमता र चिन्तन शक्तिको अभिबृद्धि शारीरिक परिवर्तनसंगै हुँदै आयो । आगोको आविष्कार गर्न जानेपछि र खासगरी उपत्यकाको नदी किनारमा पुगेपछि शिकारी–अर्थतन्त्रबाट कन्दमूल र जलचर प्राणीमा निर्भर हुने अर्थतन्त्र वा व्यवस्थाले आगोमा पोलेर खाने प्रक्रियाको शुरू विकास हुनगयो । पशुपालन र कृषिजस्ता नयाँ व्यवसायको प्रादुर्भावले अतिरिक्त उत्पादनको अवस्थिति, व्यवस्थित बस्तीको थालनी र पछि धातुसमेतको प्रादुर्भावले समाजमा

६. जीवाणुदेखि मानवसम्म (१९८६) र आस्था तथा प्रथा : एक विवेचना (१९८७) ।

७. हाम्रो समाज एक अध्ययन (१९८२) ।

८. नेपालको ऐतिहासिक झलक (१९५६) ।

९. हामी नेपाली (१९७१) ।

माताको स्थानमा पिता स्थापित भई समाजमा दुई वर्गको आधारको संगसंगै मानवको चिन्तनको क्षितिज पनि फराकिलो बन्दै गयो। फलस्वरूप मानिसले उत्पादनमा फुर्सद मिलेका र उत्पादनमाथि हैकम चलाउने व्यक्तिले वा समूहले नयाँ-नयाँ चिन्तन गर्न थाले। यस्ता व्यक्ति वा समूहमा अधिकांशतः पहिलेका युद्ध नायक अथवा पुरेत वा बामी पदमा रहेका समाजका पुरुष नायकहरू पर्दछन्। मानवको मस्तिष्कको सबैभन्दा ठूलो (भव्य) युग ५०००-३००० ई. पू. तिर भएको (सांकृत्यायन १९८३ : भूमिका '५') भनी मानेको पाइएबाट धातुयुगपछि नै मानवले जगत्संगै आफ्नो उत्पत्तिबारे समेत अलि व्यवस्थित रूपले चिन्तन गर्न थालेको हुनसक्ने अनुमान हुन्छ।

मानवले आफू र आफू रहेको संसारको उत्पत्तिको सम्बन्धमा सोच्दा प्रजनन-क्रियाद्वारा मानव जन्मिने कुरा धेरै अघिदेखि थाहा पाए र यसैको परिणामस्वरूप योनि र लिङ्ग एवं जलहरिसहितको शिवलिङ्गको पूजा गर्न थाले। तर प्रकृतिका अन्य रहस्य बुझ्न नसकेपछि 'आत्मा' को परिकल्पना गर्न पुगे र पछि यसै 'आत्मा' बाट 'जीव', 'ईश्वर', 'दैव', 'परमात्मा', 'परमेश्वर' आदि नाम देखिए, जो 'रहस्यमय' तथा 'अदृश्य शक्ति' कै अनेक परिकल्पित रूप हुन्। 'ईश्वर' बाट अथवा उसको 'अपरम्पार लीला' वा 'असीम अनुकम्पा'को परिणाम जगत् लगायत सम्पूर्ण पदार्थ र प्राणीको सृष्टि भएको धारणाको विकास भयो। यही धारणालाई सृष्टिवादी वा आदर्शवादी भन्ने गरिन्छ। त्यस्तै प्रकृति र यसका कतिपय रहस्यहरूबारे थाहा पाएपछि तिनलाई प्रकृतिकै उपज मान्ने धारणा पनि संगसंगै विकसित भयो। यस धारणालाई वैज्ञानिक वा भौतिकवादी भन्ने गरिन्छ। जगत् र जीवको उत्पत्तिमा प्रकृतिको भूमिकालाई मान्दै सृष्टिवादी ढङ्गको धारणा पनि पछि देखिएको छ र यसलाई सृष्टिवादी-भौतिकवादी वा पराभौतिकवादी भन्ने गरिन्छ।

२. सृष्टिवादी चिन्तन

सृष्टिवादी चिन्तन वा धारणा संसारको प्रत्येक जसो धर्ममा रहेका कथाहरूमा अभिव्यक्त भएको पाइन्छ। यस्तो कथा पहिले एउटा मुलुक (आज इराक भनिने मेसोपोटामिया वा हिमालय प्रदेशको कुनै एउटै मुलुक) मा उत्पत्ति भई संसारको अनेक ठाउँमा स्थानान्तरण भएका जनजातिसितै फैलिई विभिन्न रूप देखिएको भनी मानिन्छ। इसाई धर्मग्रन्थ 'बाइबिल' मा मानवको उत्पत्ति माटोको मूर्तिमा 'ईश्वर' ले फुकेर प्राण भरे र त्यसको करङको एउटा हाड लिई स्वास्नीमानिस बनाए भन्ने उल्लेख गरिएको छ। इस्लामी धर्मग्रन्थ 'कुरान' (५७। १।१४) मा माटोद्वारा सृष्टि गरिएको मूर्तिमा एक थोपा तुच्छ तरल पदार्थ मिलाई आत्मा फुकेर बिउँताए (नेस्तुर्ख १९६७ : ९) भन्ने उल्लेख पाइन्छ। चीनको नुवाको कथामा माटोद्वारा मानिस बनाएको (लानपो १९८० : प्राथमिकी 'ii') भनी वर्णन गरिएको छ। यी तीनवटै कथाहरूको रूपमा केही भिन्नता रहे तापनि सार भने एउटै रहेको छ। 'बाइबिल' मा 'आदम्' र 'इभ' को नाम, 'किरात-मुन्धुम्' मा 'सुसुङ्गे लालाङ्गे' एवं 'लेप्मुहाङ' को कथाको वर्णन गरिएको छ। हिन्दू पुराणहरूमा कतै ब्रम्हा र तिनकी छोरी (शर्मा हरवश १९७२: ६-७), ऋग्वेदमा कतै शिव र तिनकी छोरी, कतै इन्द्र (३।३।३३), कतै त्वस्टा विश्वकर्मा (३।५।५४), कतै अग्नि (३।५।०५५) र कतै-कतै कथित नृवंशको पिता कश्यप ऋषिबाट मानव वंशको उत्पत्ति भएको भनी उल्लेख गरिएको छ। अष्ट्रेलियाका धार्मिक कथाहरूमा सर्वप्रथम उत्पत्ति भएका 'माकू' र 'महोरानुई रङ्गी' नामका दुई स्त्री र पुरुषबाट जन्मेका 'रङ्गी पोतिकी'नामक आकाशको पृथ्वीसित विवाह भएको र यसैबाट सारा संसारको सृष्टि भएको (शर्मा १९८२ : १०-१४) उल्लेख पाइन्छ। नेपालका किराँतहरूमा आफ्नो वंशको उत्पत्तिको सम्बन्धमा आकाश र पृथ्वीको संयोगबाट 'निमा मरेमा' को जन्मकथा बताउने गरेको (पूर्वोक्त : २८२) पाइन्छ। यसमा अष्ट्रेलियाको कथासित सामञ्जस्यता रहेको कुरा टड्कारै देख्न सकिन्छ। पारसी धर्मग्रन्थ 'जेन्दावस्ता' अनुसार 'अहुर्मज्द' ले आफ्नै इच्छाले र श्रीमद्भागवतको एउटा कथा अनुसार ब्रम्हाले सबै जातको सृष्टि गरे (प्रश्रित १९८६ : ६—७) भनी मानेको पाइन्छ।

३. वैज्ञानिक चिन्तन

एशिया महादेशमा जस्तै यूरोपमा ७००–६०० ई.पू.देखि वा इसाइहरूद्वारा मानिने 'परमेश्वर' इशु जन्मनु अघिदेखि नै मानव 'दैवी चमत्कार' नभै प्रकृतिबाटै उत्पन्न भएको वा प्रकृतिकै उपज हो भन्ने धारणा प्रकट गरेको पाइन्छ। पछि जर्मनी, रूस, पूर्वी भागमा र भारतमा पनि बृहस्पतिद्वारा शुरू भएको भौतिक चिन्तन, जो चार्वाक्को समयपछि भारतीय चिन्तन धारामा 'आदिम भौतिकवाद' को रूपमा जानिएको 'चार्वाक् मत' (तिवारी १९८६ : ५) वा 'लोकायत मत' (नेपाल १९८१; २ : १५) को रूपमा प्रसिद्ध हुनगयो, अनुसार सम्पूर्ण विश्व–ब्रम्हाण्ड र जीव जगत् पदार्थकै उपज हुन् भन्ने धारणा देखिएको थियो। यसअघिका आदर्शवादीहरूद्वारा रचिएका भनी मानिने वेद र पुराणहरूमा पनि भौतिकवादी प्रभाव वा आभास प्रशस्त पाइन्छन्। इटालीका विद्वान् लुसिलियो वानिनि (Lucilio Vanini, १५८५–१६१९) लाई जिउँदै जलाएर मारे जस्तै भारतमा चार्वाक्का ग्रन्थहरू जलाएको, ब्राम्हण जावालीलाई रामको विरोध गर्दा निर्वासन गरेको (रामायण), चार्वाक् नाम गरेका ब्रम्हा राक्षसलाई हस्तिनापुरमा युधिष्ठिरको विजय प्रदेशको निन्दा गरेकोमा कारवाही र हत्या गरेको (महाभारत; नेपाल १९८१–२ : १४) आदि घटना घटे तापनि भौतिकवादीहरूले आफ्ना चिन्तनलाई दमनका बाबजूद निरन्तर अघि बढाउँदै लगेको पाइन्छ।

अठारौं शताब्दीदेखि विश्वमा, खासगरी, यूरोपमा चलेको पुनर्जागरणले यस क्षेत्रमा पनि परिवर्तन देखियो। भारततिर धार्मिक तथा सामाजिक सुधारको रूपमा आर्य समाजको आन्दोलन चलेको पाइन्छ। पहिले सोह्रौं शताब्दीसम्म वानिनि (Vanini), हार्वे (Harvey), एन्ड्रियाज् (Andreas) आदिले पशु र मानवबीचको सामञ्जस्यता र भिन्नता छुट्याएकोमा क्यारोलस् लिनाएउस् (Carolus Linnaeus, १७०७–१७७८), जर्ज कूवियर (George Cuvier, १७६९-१८३२) चार्ल्स लायल (Charles Layell, १७२७–१८७५) आदिका अनुसन्धानबाट मानव पशु–जगत्कै हुन् तापनि नरवानर (Anthropoid) भन्दा भिन्न र विशेष प्रकारका जीव हो भन्ने धारणाको प्रारम्भ भयो। मानवलाई वानरवर्गका सन्तान भन्ने अवधारणाको प्रारम्भपछि बेलायतका जीवशास्त्री चार्ल्स डार्विन (Charles Darwin, १८०९–१८८२) ले आफ्नू भन्दाअघिका कावर्जनेभ् (Kaverznev, १७७५), चेर्निशेभ्स्की (Chernyschevsky, १८२८–८९), जो लामार्क (Jean Lamarck, १७७४–१८२९) आदिका अवधारणाको अध्ययन एवं संसारको विभिन्न कुनाबाट संग्रह गरिएका पुरातत्त्व, पुरासत्त्व (Palaeontology), अस्थि–अवशेष आदिको अनुसन्धान र अध्ययनबाट वानर बाटै विभिन्न चरणहरूबाट गुज्रँदै मानवको विकास भएको हो भन्ने विकासवादी धारणा अघि सारे। जीव जगत्को वर्गीकरण लिनाएउस् (Linnaeus) ले समकालीन जीवित पशुहरूको आधारमा (Synchronic) गरेका थिए भने डार्विनले जीव–विकासका विभिन्न चरणहरूको ऐतिहासिक विकासको आधारमा (Diachronic) गरेका थिए। डार्विनको सिद्धान्त समग्र र पूर्ण रहेको छैन र यो सिद्धान्त उनका पूर्ववर्ती विद्वान्हरूको धारणाको परिमार्जित रूप हो तापनि पूर्व धारणाभन्दा उनको धारणा तुलनात्मक रूपले पूर्ण र समग्र मान्न सकिन्छ।

पूर्वतिर डार्विनभन्दा अघि चीनका प्राचीन जीवशास्त्री त्सो त्से (Tso Tse) को सबै जीवको उत्पत्ति एउटै जातिबाट विस्तार–विस्तार र निरन्तर परिवर्तन र विकास हुँदै भएको हो (प्रश्रित १९८६ : ५८—५९) भन्ने विचार ६०० इ. पू. तिर नै प्रकट भए तापनि डार्विनको विचार सर्वप्रथम प्रकाशमा आएकोले उनलाई विकासवादी सिद्धान्तका नयाँ व्याख्याता वा जनक भनी मान्ने गरेको पाइन्छ। वानरभन्दा पछि कुन-कुन चरण हुँदै कहाँ, कहिले र कसरी मानवको उद्भव भएको हो भन्नेबारे अझै निर्क्यौल हुन नसके तापनि विकासका दुई चरणहरू–संख्यात्मक वा मात्रात्मक (Quantitative) र गुणात्मक (Qualitative) परिवर्तनलाई पार गर्दै वानर वर्गबाटै मानवको विकास भएको हो भन्ने कुरामा सहमत छन्। तल हालसम्म विद्वान्हरूले गरेका अध्ययनको आधारमा मानवको विकासबारे संक्षिप्त रूपमा चर्चा गर्ने प्रयास गरिन्छ।

आजभन्दा करीब १.५ अरब वर्षअघि पृथ्वी चिसिएपछि जलीय आधारबाट वा विशेषत: समुद्रको नुनिलो पानीमा सबैभन्दा प्राचीन पशु वा मनस्थिति भनी नछुटिएको आल्गीय (Algae) को उत्पत्ति भएको विश्वास गरिएको छ। प्रारम्भका अकोशीय वा प्राक्कोशीय र त्यसपछि प्रोटिस्टा (Protista), मोनेरा (Monera) जस्ता जीवाणुको विकास हुनगयो। यसपछि बैक्टेरिया (Bacteria) र जीवहरूको बीउ भनिने पृथ्वीको १०५ वटा तत्त्व भएको प्रोटोप्लाज्म (Protoplasm) देखिए, जसबाट लेउ जस्ता वनस्पति र अति साना कीराहरूको विकास भएको भनी मानिन्छ। यसै आधारमा आजभन्दा करीब ५७ करोड वर्षअघि पृथ्वीमा जीवकल्पको प्रारम्भ भएको मानिन्छ। बहुकोशीय जीवबाट आजभन्दा करीब ४० करोड वर्षअघि डँडाल्नो नभएको (Invertebrate) माछा (Jelly Fish) र झण्डै ३२ करोड वर्षअघि डँडाल्नो भएको (Vertebrate) माछाको प्रादुर्भाव भयो। यिनै जलचर प्राणीबाट २५ करोड वर्षअघि जल एवं स्थलचर वा उभयचर जीव– झाँते किरो, गँगटो, संखे किरो, कछुवा आदि र १९ करोड वर्षअघि विशाल शरीरका गोही, डाइनोसर आदि एवं विशालकाय पंक्षी आदि विकसित भए। आजभन्दा करीब १५ करोड वर्ष–अघि पशु–पंक्षीमध्येको पशु शाखाबाट स्तनपायी (Mammal) जीवको विकास हुनगयो। यिनै स्तनपायी जीवमध्येबाट विकसित एउटा शाखाले रूखमा चढ्न समेत सिके, जसलाई वैज्ञानिकहरू कीरा–फटेङ्ग्राजीवी (Insectivora) भन्दछन् र सामान्यतया यसलाई छुचुन्द्रे पनि भन्न सकिन्छ। यसकै सन्ततिको रूपमा सबै वानरका पुर्खा–अर्द्ध–वानर (Pro-simian) आजभन्दा करीब ७ करोड वर्षअघि पृथ्वीमा देखिएको मानिन्छ।

प्राथमिक वर्ग (Primates) मा मानवको आकृति-सित मिल्ने वानरहरूदेखि लिएर मानवसम्मलाई लिइन्छ। माथि उल्लेख गरिएको छुचुन्द्रेबाट लामो र जटिल प्रक्रियापछि तुपाइडो (Tupaidae), निशाकपि–राते (Lemur) जस्ता वानरजन्य प्राणी देखिए। सम्भवत: निशाकपि नै अर्द्ध–वानर (Pro-simian) हुन्, जसका स्थानीय प्रकार (Local form) बाट विकसित हुँदै पछि पुरानो संसार (Old World) का वानर र सोबाट वानरका अनेक वर्ग देखिए। पुरानो र नयाँ संसारका वानरका पुर्खा–वानरलाई अध्ययनमा सरलताको निम्ति आदि–वानर भन्न सकिन्छ, जसबाट विभिन्न प्रकारका वानर विकसित भए। यीमध्ये नरवानरानुगण (Simildae वा Anthropoid) का हात–गोडाका आकार र तिनको परिचालन प्रक्रिया मानवसित मिल्ने भएको कारण यिन-लाई मानवको पुर्खाको रूपमा अन्य वानरभन्दा धेरै सम्भावना भएको भनी मानिएको छ। यसपछि कसरी र कुन प्रक्रियाबाट विकसित हुँदै मानवसम्म आइपुग्यो भन्ने कुरा अझै निर्क्यौल हुन सकेको छैन। हालसम्म प्राप्त विभिन्न वानर, नरवानर र मानवका अस्थि–अवशेषहरू एवं जीवित प्राणीसित समेत तुलना गरी आजभन्दा करीब १.४ करोड वर्षअघि विकसित रामनरवानर (Ramapi-thecus) लाई वानर र मानवबीचको लुप्त शृङ्खला जीव मानी मानवका पुर्खामा सबैभन्दा सम्भावित जीव भनी मानिएको छ। यस जीवलाई वानरभन्दा ठाडो तर कुप्रो (Bipedal) भएर हिंड्ने भनी मानिन्छ र यसका अवशेषहरू अफ्रिकाको केन्या, यूरोपको हङ्गेरी र एशियाका टर्की, पाकिस्तान, चीन, भारत र नेपालमा पाइएका छन्। यी अवशेषहरूको समयकालको दृष्टिले टर्कीको अवशेषलाई विश्वमा जेठो, केन्याको अवशेषलाई माहिलो र नेपालको अवशेषलाई साहिलो भनी मानिन्छ।

रामनरवानरबाट आजभन्दा झण्डै ६० लाख वर्षअघि दक्षिणी नरवानर (Austrolopithecus) को विकासभयो र यसलाई झण्डै कुप्रो भएर हिंड्ने रामनरवानरको तुलनामा सीधा भएर हिंड्ने जीवको रूपमा मानिएको छ। यसका अस्थि अवशेष अफ्रिकामा मात्र पाइएको छ। यी नरवानर एवं मानवका अस्थि–अवशेषहरू पाइएको आधारमा आजभन्दा ४०–३० लाख वर्षअघितिर संसारको कुनै न्यानो भागमा मानवको विकास भएको भनी मानिएको छ। कसैले अफ्रिका, यूरोप, अमेरिका र एशिया महादेश-लाई विश्वको आदि मानवको उद्गमस्थल भनी मान्ने गरिन्छ। यीमध्ये एशियामा निकै धेरै संख्यामा र मानव विकासका विभिन्न चरणका निरन्तर अवशेषहरू पाइएको कारण हाल एशियामाथि अधिकांश विद्वान्हरूको ध्यान

केन्द्रीत भएको छ । एशियामा पनि दक्षिण एशिया र अझ सगरमाथाको दक्षिणी भिरालोमा यसको सम्भावनाबारे अनुमान गर्न थालिएको छ । यस सन्दर्भमा यहाँ यो कुरा उल्लेखनीय छ कि नेपालको विभिन्न हिमालयमा मानवको विकास–शृङ्खलामध्ये लुप्त रहेको हुनसक्ने भनी मानिने हिममानव यती पाइएका छन् र सगरमाथाको दक्षिणी भागको २५०० मी. को उचाइमा लंगूर वानर(Langur Entellus Presbytis) र आसामी वानर (Assamese Macaque) पनि पाइएका छन् ।

मानवको उद्भवपछिको सभ्यताको विकासको सम्बन्धमा प्रारम्भ एवं विभिन्न चरणहरूको समयकालबारे अझै निर्क्यौल भैसकेको छैन तापनि सामान्यतया प्रारम्भदेखि आजभन्दा १० हजार वर्षअघिसम्मको काललाई प्राचीन ढुङ्गे युगको काल र त्यसपछिको ऐतिहासिक युगभन्दा अघिसम्मको काललाई नयाँ ढुङ्गे युग भन्ने गरिन्छ । साथै हाल आजभन्दा ५० हजार वर्षअघिदेखि १० हजार वर्षअघिसम्मको काललाई मध्य ढुङ्गे युग भनी नयाँ विभाजन गरेको पाइन्छ । मानवशास्त्रको दृष्टिले मानवको शारीरिक आकृति, श्रम र उत्पादनको प्रकृतिको आधारमा मानवानुगुण (Homonidae) परिवारलाई मुख्यतया अष्ट्रालोपिथेकस् (Australopithecus) र अष्ट्रालोपिथेसिन् (Australopithecine) गरी दुई वर्गमा विभाजन गरिएको छ । पहिलो वर्गमा मानवभन्दा अघिल्लो शृङ्खलाका दक्षिणी नरवानरलाई लिइएको छ भने दोस्रो वर्गलाई पहिलेकै उप–समूह मानी मानवका सबै शृङ्खलाहरूलाई लिइएको छ । मानवको शृङ्खलामा उभिएर हिंड्ने (प्राचीन पुड्के मानव-Homo Erectus), समर्थ मानव (आफ्नै हातको श्रमले उत्पादन गर्न सक्ने– Homo habilis), मेधावी मानव (दिमागले पनि सोचेर काम गर्ने– Homo Sapieus वा Sapiental Man), उच्च विकसित मानव (नयाँ कुराको खोज गर्न सक्ने- Homo Sapies Sapienus वा Advanced Sapienta[1] Man) आदि ।

यस प्रकार मानवको उद्भव र विकासको सम्बन्धमा निरन्तर रूपमा शोध-खोज हुँदै नयाँ–नयाँ कुराहरू वैज्ञानिकहरूले प्रकाशमा ल्याउँदै गरेका छन् र सृष्टिवादी चिन्तनका पक्षपातीहरूबाट वैज्ञानिक चिन्तनको प्रगतिमा जतिसुकै बाधा र दमन गरे पनि यसको प्रगति निरन्तर रूपमा अघि बढिरहेको छ ।

४. नेपालको चिन्तन–परम्परा

नेपालमा 'शिवले पहिले ल्याएथे सृष्टिको पहिलो बिहान' भन्ने भनाइको साथै 'सृष्टिको मुहान हिमालय' भन्ने उक्ति पनि प्रचलित रहेको पाइन्छ, तर यी भनाइ कहिलेदेखि केका आधारमा प्रारम्भ भयो भन्ने कुराबारे बसै हो भनी भन्ने कुनै आधार पाइएको छैन । स्कन्द-पुराणअन्तर्गतको 'स्वस्थानी व्रतकथा', किरातहरूको वेद भनिने 'किरात–मुन्धुम्' र तामाङहरूको गाथा भनिने 'तम्बा कइतेन' मा पनि मानवको सृष्टिबारे उल्लेख भएको पाइन्छ । साथै यहाँ प्रचलित विभिन्न पुराणहरूमा पनि सृष्टिसम्बन्धी विवादास्पद कथाहरूको वर्णन गरिएको छ । नेपालका आदिवासी भनिने विभिन्न जनजातिहरूमा प्रचलित कथाहरूको खोज र अनुसन्धान गर्न सकेमा यस्ता उल्लेख अरू पनि पाइन सक्छन् । तल हालसम्म पाइएका उल्लेखहरूबारे संक्षिप्त रूपमा चर्चा गर्ने प्रयत्न गरिन्छ ।

'किरात – मुन्धुम्' मा 'आत्मादेव' को आदेश अनुसार ''पोरोमी योम्फामीदेवले मालिङ्को बाँस तथा देव निगालोको बाँसको खरानी निकाली पहेंलो माटोको लेप मिसाई ढुङ्गाको टोड्कामा भएको आकाशबाट पठाएको पानी हाली मुछी हिलो बनाई तरुणीबाट हुने घाम-जस्तो मान्छेको मूर्तिको नमूना बनाई मान्छेको सतु हाली दियो'' भनी वर्णन गरिएको छ । पछि स्वास्नीमान्छेको मूर्ति पनि बनाएपछि 'आत्मादेव' ले यी दुवैलाई आफ्ना छोरा–छोरी माने र यिनीहरूको संसर्गबाट पछि 'सुसुङ्गे र लालाङ्गे' को जन्म (चेम्जोङ १८६१ : १४) भई वंशबृद्धि हुनगयो । 'तम्बा कइतेन' मा एक ठाउँमा मानिसको सृष्टिबारे यसरी वर्णन गरिएको छ– ''आकाश मा देवता, अन्तरिक्ष (चान) मा शिकारी, पातालमा नाग, पूर्व, पश्चिम, उत्तर, दक्षिण र पृथ्वीको बीचमा (साङ्गे रिङ्गा) पञ्च भगवान्द्वारा देश–देशमा मानवको सृष्टि भयो । देश–देशको नाम राखियो । गाउँको नाम

बस्यो । भगवान्को पूजा गर्न संसारमा मानिसको जन्म होस् भनी पञ्च भगवान्ले तपस्या गरी मानिसहरूको सृष्टि गरे" (लामा १९८३ : ७१) । सोही पुस्तकको अर्को ठाउँमा 'चतुर्मुख ब्रह्म (फाबा चारु रेसी)' ले 'डासिन डोल्मा' नाम भएकी वनदेवी र 'राक्षसजस्तो जीउ र भकुण्डो जस्तो मुख' भएको बान्दरको विवाह गरी दिए र तिनीहरूबाट मनुष्यको जन्म भयो (पूर्वोक्त : ७३) भन्ने वर्णन गरिएको छ । 'स्वस्थानी व्रतकथा' मा 'आदिशक्ति महामाया' द्वारा विष्णुबाट सृष्टि गरिएको ब्रह्माको कानबाट फालेको मयलबाट बनेका 'मधु र कैटभ' नामक दानवहरूलाई विष्णुले मारेपछि आदिशक्तिको आदेश अनुसार सृष्टिकर्ता ब्रह्माद्वारा अनेक लोकपछि पहिले 'कश्यप आदि १०० ऋषि' (देविदास १८८८ : ९) र त्यसपछि कश्यप ऋषिबाट देव, दैत्य, दानव, मानव, पशु-पंक्षी आदि सृष्टि भएको (पूर्वोक्त : १०) भनी उल्लेख गरिएको छ । यस्तै आशयको वर्णन नेपालमा प्रचलित पुराणहरू– 'मार्कण्डेय, पद्म, विष्णु, मत्स्य, शिव, वराह आदिमा पनि उल्लेख भएको पाइन्छ ।

माथि २ मा वर्णित कथाहरूमा उल्लेख भएको 'माटोको मूर्ति' को उल्लेख 'किरात–मुन्धुम्' मा वर्णन गरिएको छ भने 'तैत्तिरीय ब्राम्हण' मा वर्णित प्रलयपछि मनुद्वारा पुनः सृष्टिसम्बन्धी कथाको प्रभाव 'लेप्मुहाङ'को कथामा देखिन्छ । 'तम्बा कइतेन्' मा भएको ब्रम्हाको उल्लेखले यसमा पनि पौराणिक प्रभाव रहेको देखिन्छ । सृष्टिकर्ताको नाम जेसुकै उल्लेख भए तापनि सारेका रूपमा 'ईश्वरद्वारा सृष्टि' भएको भन्ने एउटै कुरा सबै कथाहरूमा प्रष्ट देख्न सकिन्छ । साथै माटोको मूर्ति, कुम्हाले वा मूर्तिकारको शीप र सामाजिक परिवेशको उल्लेखले सृष्टिमा पदार्थको अहम् भूमिका रहेको कुरा पनि प्रष्ट झल्किन्छ । तर प्रकृतिको यो भूमिका रहेको पाइए तापनि उपर्युक्त अवधारणा मूलतः अभौतिक रहेको छ । भाषा वंशावलीमा 'अव्यक्तदेखि सृष्टि हुन्छ' भनी पञ्चतत्त्वको उल्लेख गरी ब्रम्हा र विष्णुबीच 'जगत्को कर्तापालक हर्ता मै हुँ' भन्ने विषयमा विवाद भएको र शिवको ज्योतिर्लिङ्गको उदयको चर्चा गरी अप्रत्यक्ष रूपमा शिवलाई 'परमेश्वर' (सृष्टिकर्ता– १/१९६३ : १–३) भनी भन्न खोजेको अनुमान हुन्छ । यसमा पनि पञ्चतत्त्वको उल्लेखले प्रकृतिको भूमिका रहेको कुरा प्रष्ट हुन्छ ।

मानवको उद्भव र विकासको सन्दर्भमा माथि उल्लेख गरिएको धारणा एवं पछि यसमा देखिएको परिवर्तन वा संशोधनमाथि विचार गर्दा उपर्युक्त कथाहरू सम्भवतः नवपाषाणकालताका नेपालमा आएका हुन सक्ने भनी अनुमान गरिएका आग्नेय जाति (Austro-Asiatic)[10] ले ल्याएका र पछि गोपालकालदेखि अथवा आजभन्दा करीब तीन हजार वर्षअघिदेखि लिच्छवि-कालसम्म नेपालमा आएका हुनसक्ने विभिन्न जनजातिहरूसंगै प्रवेश भएको वैदिक धारणाको प्रभावपछि यहाँ पहिलेदेखि प्रचलित रहेका हुनसक्ने लोककथा वा लोकोक्तिहरूमा नयाँ धारणा वा पौराणिक प्रभावसहित बनेको वा संशोधित भएको हुनसक्ने अनुमान हुन आउँछ। यी कथाहरूमा पूर्व मध्यकालमा मात्र होइन, आधुनिक कालको राणाकालसम्म पनि अनेक संशोधन वा आवरण थपिन गई आजको मिश्रित रूप देखिएको हुनसक्ने सम्भावना देखिन आउँछ । यसरी हेर्दा हिमालय भेगमा लोककथाहरूको रचना भई संसारको अरू भागमा फैलिएको जस्तो सम्भावना देखिन्छ; तर यसबारे अरू खोज र अनुसन्धान हुन बाँकी छ ।

वैदिक धारणा नेपालमा लिच्छविकालको उत्तरार्द्धकालको प्रारम्भतिर विशेष प्रचार भएको अनुमान हुन्छ । त्यसअघि अनार्य मूलको मानिने शाक्त र शैवमत प्रचलित रहेको थियो । मातृ देवता र लिङ्ग एवं योनि पूजा, अनार्यहरूकै देन हो र भारतमा पनि वैदिक ब्राम्हणवादभन्दा अघि यस्तै प्रचलन रहेको पाइन्छ । भारतमा पनि वैदिक ब्राम्हणवादको विरुद्ध क्षत्रियहरूले चलाएको भनी मानिने उपनिषद् वा वेदान्त (उपाध्याय १९७८ : १८) को स्पष्ट झलक हालसम्म नेपालमा

१०. पृथ्वीको आग्नेयकोणमा धेरै कालसम्म रहेको कारण आग्नेय कहलिएका यिनीहरूलाई स्थान र भाषाको आधारमा पोलिनेशियन (Polynesian), मेलानेशियन (Melanesian) आदि पनि भन्ने गरिन्छ ।

प्रकाशमा आएको छैन। बुद्धभन्दा अघि सम्भवतः ८००-७०० ई. पू. ताका (पूर्वोक्तः २०) प्रारम्भ भएको कपिलको सांख्य दर्शन नेपालमा पाइने अनुश्रुति अनुसार कपिलवस्तुमा प्रादुर्भाव भएको मानिन्छ (सिंह १९८८ : २; श्रेष्ठ १९७१ : ६५)। कपिलकै नाममा हालको कपिलवस्तु नाम रहेको (पोखरेल १९८५ : १४-१५) र तिनी नेपाली आमाको छोरा (पूर्वोक्त : ५४) भने तापनि यसको पुष्टि भएको छैन। तर बौद्ध दर्शनमा भने चार्वाक् सँगै यसको पनि प्रभाव परेको पाइन्छ। सांख्य दर्शनको प्रारम्भिक रूपको मूलस्वर भौतिकवादी रहेको मानिन्छ (शर्मा, हरवंश १९७२ : १७)। नेपालमा उपनिषदीय धारणा करीब ६०० ई. पू. ताका विदेह वा जनकपुर इलाकामा पच्चालबाट यता आएका मानिने याज्ञवल्क्य र गर्ग ऋषिकी छोरी गार्गीको वेदान्तवाद (वेदको अन्तिम भाग वा उपनिषदीय धारणा) देखिएको हुनसक्ने सम्भावना रहेको छ। वैदिक ब्राह्मणवादको विरुद्ध लक्षित बौद्ध एवं जैन दर्शनको पनि नेपालमा प्रभाव परेको प्रमाणहरू पाइएका छन्।

भारतको आदि भौतिकवाद मानिने चार्वाक् दर्शन (तिवारी १९८६ : ५) र सांख्य दर्शन समेतको प्रभाव परेको बौद्धमतको रूपमा नेपालमा भौतिकवादी चिन्तन अघि बढेको हुनसक्ने सम्भावना देखिन्छ। वंशावलीमा करीब ३०० ई. पू. तिर धार्मिक अभियानमा जैनाचार्य भद्रबाहुको नेपाल आगमन, रातो मत्स्येन्द्रनाथको सम्प्रदायसित जैनहरूको सम्बन्ध र लिच्छवि राजा वृषदेव जैन धर्मबाट प्रभावित रहेको (नेपाल १, १९८१ : ६) आदि उल्लेखले नेपालमा जैन दर्शन पनि प्रचलित रहेको अनुमान गर्न सकिन्छ। चिन्तनको सम्बन्धमा ७०० ई. पू. देखि यताको तीनदेखि चार शताब्दीको युगलाई दर्शनको स्वर्णयुग (सांकृत्यायन १९८३ : भूमिका '६') भनी मानेको पाइएकोले नेपालमा किरातकाल चिन्तनको लागि महत्त्वपूर्ण रहेको हुनसक्ने अनुमान हुन्छ। लिच्छविकालमा बौद्धमतका अनुयायीलाई 'नास्तिक, कुतार्किक, मूर्ख, कुमति' आदि भनी निन्दा (बज्राचार्य १९७४ : १६३) गरेको प्रमाण हाँडिगाउँ, सत्यनारायण स्थानको अभिलेखमा पाइएबाट त्यसबेला बौद्ध संघवादी भौतिकवादको विकास भएको हुनसक्ने अनुमान गर्न सकिन्छ। विभिन्न शासकहरूको समयमा भिक्षु तथा भिक्षुणी संघहरूलाई अग्रहार प्रदान गरेको र स्वायत्त शासनको अधिकार समेत दिएको उल्लेख विभिन्न अभिलेखहरूमा पाइएबाट पनि उपर्युक्त अनुमान मिल्न आएको देखिन्छ। किरातकालको 'किरात-मुन्धुम्' मा सृष्टिको वर्णन गर्दा भौतिक पदार्थहरूको भूमिकाको उल्लेख भएबाट सम्भवतः यसमा पनि चार्वाक् वा सांख्य दर्शनमा निहित भौतिकवादको प्रभाव परेको हुनसक्ने अनुमान हुन्छ। यो प्रभाव स्वस्थानी व्रतकथा र भाषा वंशावलीमा पनि परेको हो कि भन्ने आशङ्का उठ्न आउँछ। भारतका शङ्कराचार्यको नेपाल-प्रवेशको समयमा हिन्दू धर्मको जगेर्नाको नाममा कैयौं बौद्ध ग्रन्थहरू नष्ट गर्नुको साथै कैयौं बौद्ध भिक्षुहरूलाई जबर्दस्त रूपमा गृहस्थ तुल्याएको पाइन्छ। तत्कालीन बौद्धमतको भौतिकवादी प्रभावको कारणले नै शङ्कराचार्यद्वारा उपर्युक्त दमन भएको हुनसक्ने अनुमान 'नास्तिक' भनी गरिएको निन्दाको प्रमाणबाट सहजै गर्न सकिन्छ। त्यस्तै पूर्व मध्यकालमा 'नास्तिक' भनिने भौतिकवादी घण्टाकर्णको हत्या (नेपाल १९८५ : १०-११) एवं बौद्ध र हिन्दू पाशुपत सम्प्रदायबीचको काठमाडौंको नक्सालदेखि पशुपति-चाबहिलसम्मको इलाकामा भएको मारकाट[11] ले भौतिकवादी र सृष्टिवादीहरूका बीच तीव्र संघर्ष भएको हुनसक्ने अनुमान हुन्छ। पछि स्थितिमल्लले भारतबाट झिकाइएका कट्टर तथा धर्मभीरू हिन्दू ब्राम्हणहरूको योजना अनुसार नेपाली समाजको हिन्दूकरण एवं सामन्तीकरण गरेपछि भौतिकवादी चिन्तनमाथि गरिएको दमनको कारण र कैयौं ग्रन्थहरू पनि नष्ट गरिनुको कारण अरू विषयमा नै स्पष्ट हुने आधार पाइएको छैन भने मानवको उद्भव र विकाससम्बन्धी धारणाबारे अड्कलबाजीसमेत गर्न कठिन हुनु स्वाभाविक हुनआउँछ। राणाकालमा शासकवर्गको विरोध गरेको

११. उक्त क्षेत्रमा अमर बाँडा लगायत अरू व्यक्तिहरू काटिएका ठूला-ठूला काला ढुङ्गाहरू १५-२० वर्ष-सम्म देखिन्थे।

कारण कैयौं बौद्ध भिक्षुहरू निष्काशन गरिनु र बौद्ध-ग्रन्थहरू जलाइनुको कारण बौद्ध अनुयायीहरूमा राणा शासनको निरंकुशताविरोधी प्रबल भावना र पहिले बौद्ध चिन्तनमा परेको हुनसक्ने चार्वाक् र सांख्य दर्शनमा समाविष्ट भौतिकवादको प्रभाव रहेको हुनसक्ने अनुमान हुन्छ ।[12]

मानवको उद्भवको सम्बन्धमा दुई परस्परविरोधी चिन्तनहरूबीच प्रत्यक्ष द्वन्द्व भएको स्पष्ट प्रमाण भेटिएको छैन र माथि जो उल्लेख गरिएको छ सो अनुमानको आधारमा गरिएको छ । पन्ध्रौं शताब्दीतिर शासक वर्गको छत्रछायामा लेखिएको वंशावलीमा भने जीव र जगत्को उत्पत्तिबारे सृष्टिवादी चिन्तन अनुसार चर्चा गरिएको छ । हुनसक्छ, यसै सृष्टिवादी चिन्तनको विरोध र निन्दा गरेको कारण 'नास्तिक' भनिने भौतिकवादी घण्टाकर्ण (नेपाल २; १९८१ : ८) को हत्या र माथि उल्लेख भए झैं विभिन्न सम्प्रदायहरूबीच मारकाट समेत भएको थियो । शङ्कराचार्यबाट भएको दमन र स्थितिमल्लको समयमा भएको समाजको सामन्तीकरण र हिन्दूकरणको सुदृढीकरणको प्रयास पनि तत्कालीन जनताको शासक वर्ग विरुद्धको विद्रोह र सम्भवतः भौतिकवादी चिन्तनको विरुद्ध समेत लक्षित थियो । यसले समाजमा रहेको बौद्ध चिन्तनको भौतिकवादी प्रभावलाई नामेट् पार्न जाति वर्ण व्यवस्थालाई झन् सुदृढीकरण गर्ने काम हुन गएको अनुमान हुन आउँछ ।

अठारौं शताब्दीको अन्त्यताका नेपाल आएका इटालियन पादरीहरू, यात्रीहरू, व्यापारीहरूद्वारा र पछि अंग्रेज दूतावासका कर्मचारीहरूद्वारा नेपालमा मानवशास्त्रसम्बन्धी अध्ययन हुनथालेको (गुरुङ १९८७ : २०) हो । मानवशास्त्रलाई पश्चिमाली उपनिवेशवादको परिणाम (Product; पूर्वोक्त : १९) र मार्क्सवादी दृष्टिमा नेपालमा समाजशास्त्र र मानवशास्त्र यही औपनिवेशिक प्रभाव (Fashion; पूर्वोक्त : २०) मा रहेको पाउन सकिन्छ । नेपालको इतिहास प्रथमतः लेख्ने अंग्रेज लेखकहरूले वंशावलीकै आधारमा लेखी सृष्टिवादी चिन्तनलाई नै अघि बढाएको अनुमान हुन्छ । पूर्ववर्ती विदेशी विद्वान् र अनुसन्धाताहरूले नेपाली समाज र संस्कृतिलाई उचित ऐतिहासिक बोधविना आफ्ना परिकल्पित(Stereotypical) सिद्धान्त र तरीकाद्वारा कहिलेकाहीं अतिरञ्जन, सतही विश्लेषण र अति व्याख्या (Romanticize) गरेका छन् (पूर्वोक्त : २१) ।

राणाकालमा निरंकुशताको विरुद्ध राष्ट्रिय चेतनाको जागृति भई चेतनशील युवकहरूले भारतमा बाल गङ्गाधर तिलक आदिले जस्तै जनचेतना जगाउन राष्ट्रिय गाथा-गौरवलाई प्रकाशमा ल्याउने सिलसिलामा हिमालयलाई 'सृष्टिको मुहान' भन्ने आशयको धारणा (बस्नेत १९५६) प्रचार-प्रसार गरेका हुनसक्ने सम्भावना देखिन्छ । १९८६ ताका शुक्रराजका बाबु माधवराज जोशीले भारतमा प्रचलित सुधारवादी आन्दोलनको धार्मिक सुधारवादी सङ्गठन आर्य समाजको स्थापना सर्वप्रथम पोखरामा गरेदेखि नै नेपालमा यस्तो धारणा प्रबल रूपमा देखिएको हुनसक्ने अनुमान हुन्छ । माथि उल्लेख गरिए अनुसार यो धारणा पौराणिक कथाहरू अनुसार बनेको भनी माने तापनि नेपालका हिमालय शृङ्खलाहरूमध्ये विश्वको सर्वोच्च शिखर सगरमाथा (८८४८ मी.) अवस्थित रहेको हिमालय शृङ्खलाको एउटा नाम 'महालंगूर', वानर वा लङ्गूर (वानरको एउटा भेद) को नामबाट रहेको हुनसक्ने अनुमान हुन्छ । सगरमाथाको दक्षिणी भिरालोको २५०० मी. को उचाइमा लंगूर (Langur Entellus Presbytis; साइन्स प्रेस १९७४) पाइएका छ । हाल हिमालय वा सगरमाथा क्षेत्रमा आदि मानवको उद्भव भएको हुनसक्ने अवधारणा (शर्मा १९८३ : ३१) पाइएबाट माथि उल्लेख गरिएका चिन्तन र त्यसपछिका अध्ययनहरूबाट पुष्टि हुँदै आएको अनुमान हुन्छ । बर

१२. कसै-कसैले जुद्धशम्शेरको नजरमा परेकी पाटनकी उदास समुदायकी एउटी केटीलाई पाउन खोज्दा एउटा बौद्ध भिक्षुको कारण भिक्षुणी बनी उनको शिकारबाट मुक्त भएको रीसमा बौद्ध भिक्षुहरूलाई कारवाही गरेको हो भनी मानेका छन् । तर यी पंक्तिका लेखकले उपर्युक्त कारणलाई सही र मुख्य मानेर यहाँ चर्चा गरिएको छ ।

हालसम्म यसलाई पुष्टि गर्ने सहयोग मिल्ने खालका अरू प्रमाण भने भेटिएको छैन ।

राणा शासनकालमा धार्मिक र सामाजिक सुधारको चेतनाको आधारमा भएका पराभौतिकवादी किसिमका राष्ट्रिय चिन्तन पनि अघि बढ्नसकेको थिएन । सात सालपछिको दुई दशकको अवधिमा खास उल्लेख्य कार्य चिन्तनको क्षेत्रमा नभए तापनि मार्क्सवादी चिन्तकहरूद्वारा सामान्य चिन्तनको कार्य भने थालनी भएको मानिन्छ । तर यसपछि पनि नेपालमा सृष्टिवादी चिन्तनको गहिरो छाप र व्यापक प्रभाव नेपाली समाज एवं बौद्धिक जगत्मा समेत परेको देखिन्छ । यसबारे अर्को अंशमा चर्चा गरिन्छ ।

५. नेपालमा वैज्ञानिक चिन्तनको थालनी र विकास

नेपालमा वैज्ञानिक चिन्तनको थालनी माथि १ मा उल्लेख गरिए अनुसार आदिम जङ्गली समाज (समुदाय) छोडी उपत्यका वा मैदानी भागमा स्थानान्तरित भई आएपछि स्थापित मानव–समाजको थालनी-संग भएको हो। बस्तीको थालनीले चिन्तनमा ल्याएको हुनसक्ने सुदृढीकरणमाथि ध्यान दिंदा काठमाडौं उपत्यकादेखि उत्तर बूढानीलकण्ठमा प्राप्त मध्य प्रातिनूतनाश्म (Middle Paleolithic, आजभन्दा करीब ३२ हजार वर्षअघिका; शेतेन्को १९७८ : १–२) हतियारहरू पाइएकोले उपत्यकामा चिन्तनको थालनी भएको हो कि भन्ने आशङ्का उठ्छ । अझ हतियारका धनी यूरोपेली र मङ्गोल हुन् र काठमाडौं उपत्यकामा यी दुई भिन्न जातिको सङ्गम भएको हो भन्ने अनुमान (पूर्वोक्त) यदि सही ठहरिएमा नेपालमा त्यस बेला दुई भिन्न जाति समेतको संयोगको परिणाम चिन्तनमा अरू प्रगति भएको हुनसक्ने अनुमान हुन्छ । त्यसपछि समाजमा नयाँ व्यवसायको प्रादुर्भाव[13] ले मानवको चिन्तनमा अरू विकास देखियो र आजभन्दा करीब ५–६ हजार वर्षअघि धातु युगको प्रारम्भ भई त्यसपछि दास युगकालीन समाजमा वर्ग–विभाजन देखिएपछि चिन्तनमा अरू प्रगति हुनगयो । धातुको प्रमाण पनौतीको हँसियाजस्तो ढुङ्गाको हतियारमा तामाको तार वा करौंतीको प्रयोग भएको हुनसक्ने अनुमान (शर्मा र बनर्जी १९६९ : ५६–५७) र मुस्ताङको टुकुचेमा शिकारको बेला छातीमा लगाइने तामाको कवच वा पेती (तिवारी १९८५ : ७) बाट भिल्न आउँछ । यसपछि भारतमा देखिएको चार्वाक् दर्शन अनुसारको भौतिकवादको प्रभाव रहेको कपिलको सांख्य दर्शन र बौद्ध एवं जैन दर्शन र शाक्त तथा शैवमतबारे पनि माथि उल्लेख गरियो । पछि एकातिर शासक वर्गको समाजको हिन्दू एवं सामन्तीकरणको प्रयास र उपनिवेशवादी अंग्रेजहरूको यथास्थितिलाई कायम गर्ने नीति र राणाकालमा भएको बौद्ध अनुयायी एवं आर्य समाजीहरूमाथि गरिएको दमनले वैज्ञानिक चिन्तनपछि पर्न गयो, जसबारे माथि चर्चा गरियो ।

१९१७ को रूसी क्रान्ति, १९४७ को भारतको परिवर्तन र १९४९ को चिनियाँ क्रान्तिले नेपालको चेतनशील समुदायमा पर्न गएको वैज्ञानिक चिन्तनको प्रभावले नेपालमा भौतिकवादी वा मार्क्सवादी चिन्तनमाथि प्रभाव प-यो र मार्क्सवादी सङ्गठन–(१९४९) स्थापना हुनगयो । वैज्ञानिक द्वन्द्वात्मक भौतिकवादलाई सामाजिक धरातलमा उतारेपछि कार्ल मार्क्सद्वारा प्रतिपादित मार्क्सवादलाई यसका अनुयायीहरू उच्च विकसित भौतिकवाद भन्ने गर्दछन् । तर गैर मार्क्सवादीहरू यस कुरालाई मान्दैनन् । मानव शास्त्रको दृष्टिले नेपालका मार्क्सवादीहरूमा १९७४ तिरसम्म उल्लेखनीय प्रभाव परेको थिएन । फ्रेडरिक एंगेल्सको 'वानरदेखि मानवसम्मको संक्रमणमा श्रमको भूमिका' (१९७४) र 'परिवार, निजी सम्पत्ति र राज्यसत्ताको उत्पत्ति' (१९७८) को अध्ययन गर्ने कार्य नेपालका मार्क्सवादीहरूमा भएतापनि मानवशास्त्र र नृःतत्त्वशास्त्रको

१३. पशुपालन र कृषि क्रमशः आजभन्दा करीब १२ र १० हजार वर्षअघि प्रादुर्भाव भएको मानिन्छ । नेपालको विभिन्न भागमा पाइएका जनश्रुतिहरूमा नेपालमा पशुपालक मानवबारे उल्लेख एवं ढुङ्गाका बञ्चरो, फालि, कोदालो जस्ता हतियार आदिले खेती गर्ने गरेको उल्लेख आदिलाई हेर्दा नेपालमा पनि समयकालमा केही तल–माथि परे तापनि नयाँ व्यवसायको प्रचलन रहेको प्रष्ट अनुमान हुन्छ ।

दृष्टिले भने अध्ययन हुनसकेको थिएन । १९६०–६१ तिर काठमाडौंको चोभार, पोखराको अरमुडि र थाक्-खोलाका गुफाहरूको सर्वेक्षण–अध्ययन भैसकेपछि नेपालमा प्राग् मानवको अस्तित्वसम्बन्धी प्रश्न प्रकाशमा आउन थाल्यो । १९६५ सम्ममा काठमाडौं उपत्यका र नवल-परासी र लुम्बिनीमा प्रागैतिहासिक सर्वेक्षण–अध्ययन भए तापनि त्यसबाट खास उपलब्धि हासिल भएको थिएन । पछि पुरातत्त्व विभागले आफ्ना कार्य विषयमा "नेपालको भू–भागमा मानव जातिको सभ्यता र विकास-सम्बन्धी विज्ञानको खोजी गर्ने र मूलभूत उद्देश्यहरूमा उत्खननको माध्यमद्वारा राष्ट्रको प्राचीन लुप्त संस्कृति, प्राग् इतिहास र इतिहासको खोजी गर्ने, राष्ट्रको सच्चा इतिहासको निर्माण गर्न सामग्रीहरूको सङ्कलन गर्ने र त्यस कार्यमा सक्दो योगदान दिने र नेपालको भू भागमा हुर्केका मानव–सभ्यताको इतिहासको राम्ररी खोजी गर्ने" (अमात्य १९७९ : ३०–३१) जस्ता कुराहरू समावेश भएपछि प्रागैतिहासिक खोज र अनुसन्धानमा पुरातत्त्व बिभागको ध्यान पुग्न थालेको अनुमान हुन्छ । यसपछि १९६५–६६ मा दाङ र बर्दिया, १९६८–६९ मा नवल-परासी, १९७८ मा नवलपरासी र बूढानीलकण्ठ, १९८० मा बुटवलमा र त्यसपछि देशका विभिन्न भागमा पूर्वमा ताप्लेजुङदेखि पश्चिममा सुर्खेतसम्म, उत्तरमा हिमालयको फेदीदेखि दक्षिण तराईको झापा र लुम्बिनी-सम्म अध्ययन वा अनुसन्धान–कार्यहरू भएका छन्, जसबाट आजभन्दा कम्तीमा ५ लाख वर्षअघिदेखि ४ हजार वर्ष अघिसम्मका ढुङ्गाका हतियारहरू पाइएका छन् ।

१९६८–६९ देखि नेपालमा वैज्ञानिक पद्धति अनुसारको अध्ययनको थालनी भई १९८० देखि यता मात्र नेपालमा मानवको उद्भवसम्बन्धी वैज्ञानिक चिन्तन अनुसार अध्ययनको प्रारम्भ भएको देखिन्छ । नेपालका प्रसिद्ध मार्क्सवादी चिन्तक पुष्पलाल श्रेष्ठ (१९२५–७८) को अप्रकाशित पुस्तक 'हिस्टोरिकल सर्वे अफ नेपाल' (Historical Survey of Nepal) का दुई वटा अंश-हरू प्रकाशित भएका छन्, जसमा वैज्ञानिक चिन्तनअनुसार प्राप्त प्रमाणको आधारमा नेपालको नाम रहेको आधार र 'मातृसत्तात्मक समाज' बारे चर्चा गरिएको छ । त्यस-पछि १९८१–८४ सम्म नेपालको इतिहासको अनुसन्धाता निरीश नेपालका केही रचनाहरू प्रकाशित भएका छन्, जो वैज्ञानिक दृष्टिकोणको आधारमा लेखिएका छन् । त्यस्तै यी पंक्तिका लेखकका केही रचनाहरू पनि प्रकाशित भएका छन् । अन्य लेखकहरू– जनकलाल शर्मा, राम–निवास पाँडे, डिल्लीराज शर्मा, देवेन्द्रनाथ तिवारी, मोदनाथ प्रश्रित, ओम गुरुङ, पी०आर० तामाङ आदि नेपाली र आर० वि० जोशी, एन० आर० बनर्जी, आर० एम० वेस्ट, जेन्स मुन्थे, ए० वाई० शेतेन्को, टोनी हेगेन, गुडरून् कोनिभस् आदि विदेशीका रचनाहरू पनि रहेका छन् । यी लेखकहरूका रचनाहरूमा प्रस्तुतीकरण र विषय-वस्तुको विवरणमा वैज्ञानिक शैली रहे तापनि नेपालमा मानवको उद्भव र विकासको सम्बन्धमा वैज्ञानिक दृष्टि–कोण अनुसार नेपालको प्राग् इतिहासलाई प्रकाशन गर्ने काम हुनसकेको देखिदैन । नेपालमा सृष्टिवादी चिन्तन अनुसार मानवको उद्भवलाई ब्रम्हाजीको सृष्टि भनिने हिन्दू धारणा 'किरात-मुन्धुम्', 'तम्बा कइतेन', 'भाषा वंशावली', 'स्वस्थानी व्रतकथा' र नेपालमा प्रचलित श्रीमद्भागवत, शिव, स्कन्द, वराह पुराण आदिमा भएका उल्लेख र उपयोग गरिएका सन्दर्भ–ग्रन्थहरूमा गरिएका उल्लेखबारे पूर्व प्रकाशित रचनाहरूमा सामान्य उल्लेख समेत गरिएको छैन । अझ नेपालमा सृष्टिवादी चिन्तकद्वारा वानरबाट मानवको विकास भएको होइन भन्ने तर्क (पोखरेल १९८५ : ११; प्रपन्नाचार्य १९८६ : २०) को खण्डनको सवाललाई छोडौं, त्यसको उल्लेख–सम्म पनि गरिएको छैन । यसले नेपालको प्राग् इतिहास-सम्बन्धी लेखनमा देखिएका लेखकहरू अधिकांशत: दृष्टिकोणको सम्बन्धमा या त अस्पष्ट छन् या भौतिक–वादी भनिने डरले त्यस्तो उल्लेख गर्न चाहँदैनन् भनी अनुमान गर्नुपर्ने देखिन आउँछ । अन्यथा 'नेपालमा मानव जातिको पुर्खा', 'नेपाल: मानव विकासका दृष्टिमा' भनी लेख्दा मानवको उद्भवसम्बन्धी दुवै चिन्तन अनुसार चर्चा गरिनुपर्ने हो । देशमा ब्रम्हाजीभन्दा लाखौं वर्ष-अघिका प्राग् मानवका अवशेष, तिनीहरूको सभ्यताको निरन्तरताको प्रमाण र वानर तथा मानवबीचको लुप्त–शृङ्खला जीव मानिने नेपिथेकस्–रामनरवानरको आजभन्दा

करीब १.१ करोड वर्षअघिको बुटवलको अवशेष पाइए-पछि यसरी अस्पष्टता नहुनु पर्ने हो। तर यिनै लेखकको ऐतिहासिककालको इतिहाससम्बन्धी र अरू विषयका रचनाहरूमाथि ध्यान दिने हो भने अधिकांश रचनामा सृष्टिवादी दृष्टिकोणको प्रभाव रहेको पाइन्छ। यसरी नेपालको प्राग् इतिहासबारे वैज्ञानिक र अरू कालको इतिहासबारे सृष्टिवादी दृष्टिकोण अनुसार सोच्ने प्रवृत्ति रहेको अनुमान हुन्छ। यसले हाम्रा कतिपय रचनालाई आधा नर र आधा पशु वा नरपशु (प्रधान, १९८५ :३७) भनी मान्नुपर्ने हुन्छ।

यसरी नेपालमा वैज्ञानिक दृष्टिकोण अझै स्पष्ट रूपमा अपनाउने नगरेको देखिन्छ। निरीश नेपालका रचनाहरू (१९८१, १९८२, १९८३, १९८५, १९८७, १९८८), यी पंक्तिका लेखकका रचनाहरू (१९८५, १९८७, १९८८, १९८९) र ओम गुरुङ (१९८७) र सीताराम तामाङको रचना (१९८७) मा वैज्ञानिक दृष्टिकोण अनुसार चर्चा भएको पाइन्छ। अन्य लेखकका रचनाहरूमा प्रस्तुतीकरणमा वैज्ञानिक पद्धति रहे तापनि तथ्यको विश्लेषण र विवेचनामा वैज्ञानिक दृष्टिकोण अनुरूप भएको देखिदैन। पुराणहरू, नेपालका अनुश्रुतिहरू र अन्य रचनाहरूमा मानवको गणजातिबारे अनेक उल्लेख पाइन्छन् र यी उल्लेखको आधारमा अनुमान गर्ने पनि अघि बढेको देखिदैन। दृष्टिकोणसम्बन्धी अस्पष्टताको कारण नै नेपालमा प्राग् इतिहाससम्बन्धी दुई दर्जनजति रचनाहरू प्रकाशित भैसकेपछि पनि नेपालको प्राग् इतिहास प्रकाशमा आउन सकेको छैन। नेपालका प्राग् मानवहरूको अस्थि–अवशेष नपाइनु र वेद, पुराण र अनुश्रुतिको वैज्ञानिक ढङ्गले विश्लेषण नहुनाले पनि यस किसिमको अवस्थालाई सहयोग मिलेको अनुमान हुन्छ। साथै नेपालको इतिहास, सभ्यता र संस्कृतिलाई उत्तरबाट आएका मङ्गोल वा दक्षिणबाट आएका आर्यद्वारा आयातित मान्ने गलत अवधारणाका प्रभाव मेटिनसकेको छैन। नेपालमा मानवको उद्भव भएको सम्भावनाको आधारमा मानवको विकास भएको हुनसक्ने अनुमानबारे पनि व्यापक रूपले एवं गहन ढङ्गले विश्लेषण र विवेचना हुनसकेको छैन।

उपसंहार

प्रस्तुत अध्ययनमा माथि गरिएको मानवको उद्भव र विकाससम्बन्धी चिन्तन–परम्पराको चर्चा प्रामाणिक सामग्रीहरूको कमीको कारण हाल प्रारम्भिक अध्ययनको रूपमा गरिएको छ। यसबारे गहन अध्ययन र विवेचना हुनु जरूरी भए तापनि हालको सामग्रीको अभाव र तथ्यपूर्ण प्रमाणको कमी रहेको स्थितिमा प्राप्त अवशेषहरू, केही तथ्य र प्रमाण र केही अनुमानको आधारमा चर्चा गरिएको छ। अध्ययन धेरै लामो नहोस् भन्ने हेतुले प्रकाशित रचनाहरूको उल्लेख एवं दृष्टिकोणबारे पुष्टि हुने सम्बन्धित उल्लेखको व्यापक चर्चा पनि हुन सकेको छैन। यसमा मानवको उद्भव र विकासको दृष्टिले भएका विवरणको सरसर्ती उल्लेख र मुख्यतया यसको स्थितिको झलक प्रस्तुत गर्ने प्रयास गरिएको छ।

यस अध्ययनबाट नेपालमा मानवको उद्भव र विकाससम्बन्धी चिन्तनबारे सामान्य जानकारी मिल्नुको साथै यसको क्रमिक विकास र हालको स्थितिबारे सामान्य झलक मिल्नेछ। साथै दृष्टिकोणको अस्पष्टताको कारण देखिएको नकारात्मक प्रभावमाथि ध्यान दिई यसबारे प्रष्ट हुनुपर्ने र सही दृष्टिकोणको आधारमा रचनाहरू प्रकाशित हुनसकेमा वास्तविक इतिहास प्रकाशमा ल्याउन सरल हुन जानेछ। दृष्टिकोणको सम्बन्धमा दुई धारे वा दुवै दृष्टिकोणको बीचमा रही सोच्दा सो परिणाम गलत नै हुने भएकोले दृष्टिकोणमा स्पष्ट रही एउटै दृष्टिकोण अनुसार सोच्नु र लेख्नु पर्ने अहम् आवश्यकतालाई बढी चर्चित तुल्याउनेछ। यसले नेपालमा मानवको उद्भव र विकाससम्बन्धी अध्ययनको लागि सरलता, स्पष्टता, समग्रता र वैज्ञानिकता प्रदान गर्न समेत थोरै भए पनि मद्दत मिल्न जानेछ। हालसम्म पनि बौद्धिक जगत्मा समेत देखिएको 'नेपालको समाज, संस्कृति, इतिहास र सभ्यताको निर्माता दक्षिणबाट आएका आर्य वा उत्तरबाट मङ्गोल हुन्' भन्ने आधारहीन धारणाको खण्डन गर्न पनि मद्दत मिल्नेछ। साथै भविष्यमा गरिने प्रस्तुत अध्ययन–सम्बन्धी खोज र अनुसन्धानलाई पनि यसबाट धेरै थोर सहयोग मिल्ने आशा गर्न सकिन्छ।

सन्दर्भ ग्रन्थ-सूची

१. अमात्य, साफल्य– नेपालमा पुरातत्त्व, काठमाडौं : साझा प्रकाशन, १९७९ ।

२. उपाध्याय, भगवतशरण– भारतीय समाजका ऐतिहासिक विश्लेषण (हिन्दी), नई दिल्ली : पिपुल्स् पब्लिशिङ्ग हाउस, १९७८ ।

३. एंगेल्स्, फ्रेडरिक– डायलेक्टिक्स् अफ् नेचर, मास्को, प्रोग्रेस् पब्लिशर्स, (अंग्रेजी छैठौं संस्करण), १९७४ ।

४. — दि ओरिजिन् अफ् द फैमिलि, प्राइवेट् प्रपर्टी ऐन्ड द स्टेट्, (अंग्रेजी) पेकिङ्ग, कोरेन लैंग्वेजेज् प्रेस, १९७८ ।

५. गुरुङ, ओम– 'आन्थ्रोपोलोजिकल् ट्रेन्ड इन् नेपाल', काठमाडौं : झिल्को (त्रैमासिक, अंग्रेजी खण्ड– सं. बाबुराम भट्टराई समेत), वर्ष ८, अङ्क १, १९८७ (१९–२२) ।

६. चाइल्ड्, गोर्डन्– ह्वाट् हैपेन्ड् इन् हिस्टोरी, ब्रिटेन : पेन्गुइन बुक्स् (अंग्रेजी), १९८६ ।

७. चेन्जोङ, इमानसिंह– किरात–मुन्धुम्, विहार : राजेन्द्रराम, १९६१ ।

८. तामाङ, पी. आर.– 'दि प्रिमिटिभ कम्युन् सोसाइटी', काठमाडौं : झिल्को, पूर्वोक्त अङ्क (अंग्रेजी खण्ड ८–२४), १९८७ ।

९. तिवारी, देवेन्द्रनाथ– 'केम् ट्युरियल्स् फ्रम् वेस्टर्न नेपाल', काठमाडौं : प्राचीन नेपाल (पुरातत्त्व विभागको द्वैमासिक मुखपत्र, अंग्रेजी खण्ड), संख्या ८५ (पृष्ठ ८–२४) १९८५ ।

१०. तिवारी, नरेशप्रसाद— चार्वाक्का नैतिक दर्शन, पटना : विहार हिन्दी ग्रन्थ अकादमी (हिन्दी), १९८६ ।

११. नेपाल, निरीश– 'जैनिज्म् ऐन्ड् बुद्धिजम् : अ कम्पैरिजन् ऐन्ड कन्ट्रास्ट्', काठमाडौं : रोलम्बा (जोशी रिसर्च इन्स्टिच्यूटको मुखपत्र, अंग्रेजी खण्ड, सं. हरिराम जोशी समेत), वर्ष १ अङ्क १, पृष्ठ ५–१०), १९८१ ।

१२. — 'दि फिलोसफी अफ् चार्वाक्', पूर्वोक्त पत्रिका; वर्ष १, अङ्क ४, (अंग्रेजी खण्ड, पृष्ठ १०–१९), १९८१ ।

१३. — — 'दि रामापिथेक्स्', पूर्वोक्त पत्रिका, वर्ष २, अङ्क १, (अंग्रेजी खण्ड, पृष्ठ १३–१७), १९८२।

१४. — — 'अ पीप् इन्टु आवर पास्ट्', पूर्वोक्त पत्रिका (धारावाहिक लेखमाला अंग्रेजी खण्ड), वर्ष २ अङ्क २–३–४; वर्ष ३ अङ्क १, १९८२–८३ ।

१५. — 'घण्टाकर्ण', पूर्वोक्त पत्रिका, वर्ष ५, अङ्क ३, १९८५ ।

१६. नेस्तुर्ख, एम.– दि ओरिजिन् अफ् मैन्, मास्को : प्रोग्रेस् पब्लिशर्स (अंग्रेजी) १९६७ ।

१७. पोख्रेल, छविलाल– सांख्य दर्शन, धरान : श्रीमती बालकुमारी पोख्रेल, १९८५ ।

१८. पौडेल, नयनाथ (सं.)– भाषा वंशावली भाग १, काठमाडौं : ने. रा. पु. पुरातत्त्व विभाग, १९६३।

१९. प्रधान, केदारनाथ– नेपाली इतिहास लेखनबारे, बनेपा : प्रधान प्रकाशन, १९८५ ।

२०. — महाभारत मानव : सम्भाव्यता अध्ययन, पूर्वोक्त प्रकाशन, १९८८; काठमाडौं, वर्तमान नेपाल (त्रैमासिक बौद्धिक पत्रिका, सं. लेखनाथ गुरागाईं समेत) वर्ष ४, अङ्क ७–८, १९८८ ।

२१. — आदि मानवको उद्गम र उद्गमस्थल, पूर्वोक्त प्रकाशन र मिति ।

२२. — नौलो नेपाल परिचय, काठमाडौं, रत्न पुस्तक भण्डार, १९८९ ।

२३. प्रधान, देविदास– स्वस्थानी व्रतकथा (हस्तलिखित ग्रन्थ– नेवारी), बनेपा, १९८८ ।

२४. प्रपन्नाचार्य, स्वामी– वेदमा के छ ? (अग्निमीले), बाराणसी, प्रशान्त प्रकाशन, १९८६ ।

२५. प्रश्रित, मोदनाथ– जीवाणुदेखि मानवसम्म, काठमाडौं : लिसन प्रकाशन (तेस्रो संस्करण), १९८६ ।

२६. –– देवासुर संग्राम, कोशी, नेपाल : पूर्वेली प्रकाशन (दोस्रो संस्करण) १९८२ ।

२७. –– आस्था तथा प्रथा : एक विवेचना, काठमाडौं: लिसन प्रकाशन, १९८७ ।

२८. वज्राचार्य, धनबज्र– लिच्छविकालका अभिलेख, काठमाडौं : ने. ए. अ. सं. (सिनास), १९७४ ।

२९. बस्नेत, भीमभक्त मानसिं– नेपालको ऐतिहासिक झलक (१९५६) ।

३०. लामा, सन्तवीर– तम्बा कइतेन्, काठमाडौं; रत्न पुस्तक भण्डार, १९८३ ।

३१. शर्मा, जनकलाल– हाम्रो समाज एक अध्ययन, काठमाडौं, साझा प्रकाशन, १९८२ ।

३२. –– 'नेपालमा मानव जातिको पुर्खा', काठमाडौं, प्राचीन नेपाल, संख्या ६१-६४ (पृष्ठ १-१५), १९८१ ।

३३. –– 'नेपाल : मानव विकासको दृष्टिमा', काठमाडौं : गरिमा (साझा प्रकाशनको साहित्यिक मासिक पत्रिका), वर्ष १, अङ्क ५, १९८३ ।

३४. –– 'सेवेन्टिन् मिलियन्–इयर–ओल्ड प्राइमेट् फोसिल्स् कूड बी लिङ्क बिट्वीन मैन् ऐन्ड् एप्', काठमाडौं, प्राचीन नेपाल, संख्या ७९ (अंग्रेजी खण्ड, पृष्ठ १२-३२), १९८३ ।

३५. शर्मा ऐन्ड् बनर्जी– 'नियोलिथिक टुल्स् फ्रम् नेपाल ऐन्ड सिक्किम्', पूर्वोक्त पत्रिका, संख्या ९ (अंग्रेजी खण्ड– पृष्ठ ५३-५८), १९६९ ।

३६. शर्मा, हरवंशलाल– आदि ग्रन्थ : जगत्–सिद्धान्त, दिल्ली : नेशनल पब्लिशिङ्ग हाउस (हिन्दी), १९७२ ।

३७. शेतेन्को, ए. वाइ.– 'दि आउट्कम्स् अफ् द साइन्टिफिक् मिशन् टु नेपाल इन् ब्रिफ्', काठमाडौं : प्राचीन नेपाल, संख्या ४३-४५ (अंग्रेजी खण्ड, पृष्ठ १-२), १९७८ ।

३८. साइन्स् प्रेस– अ फोटोग्राफिक् रेकर्ड अफ् माउन्ट जोल्मो लुङ्मा साइन्टिफिक् एक्स्पेडिसन् १९६६-६८, पेकिङ्ग : (अंग्रेजी) १९७४ ।

३९. सांकृत्यायन, राहुल– दर्शन–दिग्दर्शन, इलाहाबाद : किताब महल (हिन्दी), १९८३ ।

४०. सिंह, रमानन्दप्रसाद– दि रियल् स्टोरी अफ् द थारुज्, काठमाडौं : दि थारू संस्कृति (अंग्रेजी), १९८८ ।

४१. श्रेष्ठ, पुष्पलाल– 'नेपालमा मातृसत्तात्मक समाज', काठमाडौं : नेपाल–पत्र बुलेटिन ७ (पृष्ठ ३-११), १९८२ ।

४२. श्रेष्ठ, स्वयम्भूलाल– हामी नेपाली, काठमाडौं, श्रेष्ठ प्रकाशन, १९७१ ।

पुराण

१. पद्म पुराण
२. श्रीमद्भागवत
३. रामायण
४. वराह पुराण
५. तैत्तरीय ब्राह्मण
६. स्कन्दपुराण
७. मार्कण्डेय पुराण
८. स्वस्थानी व्रतकथा
९. महाभारत
१०. शिव पुराण
११. शतपथ ब्राह्मण
१२. ऋग्वेद

पत्र–पत्रिका

१. प्राचीन नेपाल– पुरातत्त्व विभागको द्वैमासिक मुख-पत्र, संख्या ६, ९, ४३-४५, ६१-६४, ७९, ८५, ८६-८८, १०६-१०७, १०९ ।

२. रोलम्बा— जोशी रिसर्च इन्स्टिच्यूटको त्रैमासिक मुखपत्र, वर्ष १, अङ्क १ र ४, वर्ष २, अङ्क १, २, ३, ४; वर्ष ५ अङ्क ३ ।

३. गरिमा— साझा प्रकाशनको साहित्यिक मासिक, वर्ष १, अङ्क ५ ।

४. नेपाल—पत्र— समीक्षात्मक सामयिक सङ्कलन, बुलेटिन ३ र ७ ।

५. झिल्को— विविध विषयक प्राज्ञिक, मासिक पत्रिका, वर्ष ८ अङ्क १ ।

६. इनाप— नेवारी भाषाको साप्ताहिक पत्रिका

७. वर्तमान नेपाल— बौद्धिक तथा प्राज्ञिक त्रैमासिक, वर्ष ५, अङ्क ७—८ ।

जोगीचक्र

-लीलाभक्त मुनंकर्मी

मानवको विकासपछि समाज, संस्कार र सदाचारको सिर्जना भयो। त्यसपछि ऋषि-महर्षिहरू (मुनिहरू) द्वारा वेदहरू लेख्न थाले। ऋग्वेद, यर्जुवेद, सामवेद र अथर्ववेद नामकरण भयो। त्यसपछि त्यसको संस्कृतिका विभिन्न १८ पुराणहरू पनि तयार पारियो। अर्थात् समाजमा आदिकालदेखि हुनुपर्ने संसर्ग र मृत्युपछि पनि परलोकमा हुनुपर्ने विधि-विधानहरूका संस्कारहरू धेरैजसो तान्त्रिक पद्धतिबाट उपनिषद् संहिता, स्मृति र पुराणहरू अथवा विभिन्न प्रकारका ग्रन्थहरू आदि प्रकाशमा आयो। यसबाट शैव, वैष्णव, शाक्त वा तन्त्रहरू साथै बौद्ध सम्प्रदायका ग्रन्थहरू पनि प्रकाशमा आए जसको अध्ययनले आदिकालदेखि मानव समाजले गर्नुपर्ने नियम, निष्ठा र सदाचारको आधारमा भैरहेका क्रियाहरू हुन् भनेर मानव समाजको मस्तिष्कमा सञ्चालियो। मानवले जीवनकालमा सञ्चालन गर्नुपर्ने लोकाचार र क्रियाहरू पूर्ण नगराएमा मृतक प्रेमात्माको रूपमा हावा भैरहने र पञ्चतत्त्वमा समावेश हुन नपाउने भन्ने कुरा मानवको मस्तिष्कमा घुस्न लाग्यो। फलस्वरूप यसलाई वेदान्तज्ञहरू र तान्त्रिकहरूले अनुसरण र अध्ययन गर्न लागियो। यसपछि तान्त्रिक पद्धतिले नेवार समाजमा संस्कार र क्रियाहरू हुनथाले। यसै क्रियालाई संस्कार भनियो। यी संस्कारमध्ये एउटा क्रिया जोगीचक्र पूजा हो। यो क्रिया मानिसको मृत्युपछि नेवार समाजले डानुम्ह, न्हेनुम्ह (५ दिने वा ७ दिने पाली) दिने भनेर दर्शनधारी कुशलेहरूद्वारा मृतकको घरदैलो अगाडि पूजा क्रिया गर्ने गराउनेलाई जोगीचक्र नामले प्रख्यात भयो।[1] यो जोगीचक्र नेवार समाजमा अद्यावधि प्रचलित छ।

जोगीचक्रको क्रियाको पद्धतिमा एक भाग कागलाई र एक भाग प्रेतात्माको लागि छुट्याउने गर्दथे। कागलाई छुट्याएको भाग खोलामा गई खोलाको किनारमा राखेर कागलाई खुवाउने गरिन्छ। अर्को प्रेतात्माको लागि छुट्याएको भाग मध्यरातको समयमा मृतकको घरको ढोका अगाडि छानाको पालीना नाङ्गलोमा राखेर दीयो बत्ती बालेर झुण्ड्याउने गरिन्छ। मध्यरातको सुनसान समयमा उक्त डोरीमा झुण्ड्याइराखेका भाग प्रेतात्मा आएर खान आउँछ भनी विश्वास गर्दछन्। तर नेवार समाजका संस्कृति अवगत नभएका संस्कारमा सस्कृति नभएकाहरूले यो जोगीचक्र पूजा पद्धतिलाई हेलाको दृष्टिले हेरी यसलाई मान्यता दिदैनथ्यो। उक्त मूल ढोका अगाडि झुण्ड्याइराखेका भाग भोजको समयमा खोलामा लगेर पानीमा बगाउने गर्दछ। यसैलाई नै नेवारी भाषामा पाखा जाः तयेगु भन्ने गरिन्छ।

जोगीचक्र पूजाको विधि

नेवार समाजमा यो डानुम्ह वा न्हेनुम्ह (पाँच दिने अथवा सात दिने पाली दिने) क्रियाको पूजाका

१) गरुड पुराण, अध्याय ११—१५।

सामग्रीहरू बाँसको तपरीमा भात, दाल, विभिन्न प्रकारका सागसब्जीका तरकारीहरू, विभिन्न प्रकारका मासुहरू, तारिएका हाँसका फूल, माछा, रोटी र फलफूल आदि सामग्रीहरू राखी आ-आफ्नो गोत्र अनुसार पाँच दिने अथवा सात दिने पालीका सामग्रीहरू मृतक व्यक्तिका छोरीद्वारा तयार पार्ने गर्दछन् । छोरी नहुनेले आफ्ना आफन्त परेका छोरीहरूद्वारा यी सामग्रीहरू तयार पार्न लगाई आफ्ना पुरोहितबाट सङ्कल्प गर्न लगाई मृतकको घर दैलो अगाडि क्रियापुत्रले दर्शनधारी जोगीहरू (कुशनेहरू) ले माटोको घैंटोलाई परालबाट बनाएका चक्का आसन लगाई तयार पारिराखेका सबै सामग्रीहरू कुशलेहरूले नै विधिविधान अनुसार पूजा गर्ने गर्दछन् । सो पूजा गर्ने घैंटोमा कसै-कसैले जाँड, रक्सी, कसै-कसैले च्यूराको धुलो भरेर घैंटोलाई फूलको माला लगाई सिन्दूर चढाई पूजा गर्दछन् । यसै पूजा पद्धतिलाई नेवारी भाषामा पाँच दिनको बेलामा गर्नेलाई ङानुम्ह र सात दिनको बेलामा गर्नेलाई न्हेनुम्ह गर्ने भनिन्छ । यसलाई नै जोगी चक्र क्रिया भनिन्छ । यो प्रत्येक वर्ष सञ्चालन गर्न, हुनेहरूले त जग्गाहरूको गुठी राखी राजा तथा प्रजाहरूले ठाउँ ठाउँमा अभिलेखहरू प्रशस्त राखेका छन् । अभिलेखहरूको खोजीमा काठमाडौं मरू सत्तलमा भएको स्वर्णपत्र र अन्यत्रबाट प्राप्त अभिलेखहरू निम्न प्रकार छन् ।

मरू सत्तलको स्वर्णपत्र

(ॐ) शुभ स्वस्ति जयरत्न मल्ल देवस्य श्री श्री जय अरिमल्ल देवस्य विजय राज्य ।। अद्य वाराह कल्पे वैवस्वत मन्वन्तरे कलियुगे जम्बू द्वीपे भरत खण्डे हिम वत्पादे वासुकि क्षेत्रे श्री नेपाल देशे पशुपति सन्निधाने दाङमत्या: पश्चिम कूले विष्णु मत्या: पूर्वकूले इदैव स्थाने श्री काष्ठ मण्डप नगरे श्री श्रयोऽस्तु सम्वत ४०५ आस्विन शुक्ले चतुर्थ्यायां तिथौ अङ्गार वासरे श्व दिनस कोन्हु श्री हेतनाथ जोगी भ (म) ला दसन स्वहस्तेन स्वविद्य मानेन स्ववाचा प्रतीपत्नी भूतेन वृक्ष वर सम्प्रदत्त भवति मासा शिवलिति न लीला वर ङाव जोगी भलादत्वं सकल सिद्ध न ङाव चक्र विय यातं घिट (त) न दं बुरोव १५ तल पत्नि (नि) समंत श्व बुया वा स सन दु थ्यं वर्ष प्रति सयं चक्र विस्यं निस्त्रयं (यं) निर्वाहरपं यङ जो माल्व श्व ते मानत्रयम् श्व दानस लोपा लोपी याङ पट दुर्जन याङ कृतधन या काले गो हत्या, ब्रम्ह हत्या, स्त्री हत्या, वालहत्या माताहरण श्वते अघोर पच महा पातक लाक श्वते भाषाया साछि दुष्ट श्री श्री दिनकर भट्टारिका स तद् दानेन पूर्ववत शास्त्रोक्त फल सन्य गरतु शुभम् ।।

मरू सत्तलको अर्को स्वर्णपत्र

ॐ नम: श्री गोरक्षनाथाय ।। स्वस्तिश्री मल्लेपाला धिराजेश्वर श्री श्री जय रत्न मल्लं देवस्य विजय राज्ये श्री काष्ठमण्डप स्थानस प्रति बर्ष जोगी चक्र दयके यातँ दान याङा भाषा श्वोते श्री त्रिपुर स्थान श्री खण्डल देशया श्री ६ वालनाथेन स्व हस्ते न स्वविद्य मानेन स्व वाचा प्रति पत्नी भूतेन सुवर्ण द्वय कर्षाधिकं चतु: पलाङ्कि चूर्ण काला लूँ प्लं ४ कर्ष थोतेया व्याजन बर्ष प्रति आषाढ कृष्ण चतुर्दशी कोन्हु जोगीचक्र भूक्ति भोग याचकं यने माल जुरो एतत्पुन्यानु भावेन यज मानस्य सपरिवाराणाम् आयु रारोग्यं चान्ते परम धामं पद प्राप्य ये डस्तु थोतें दान लोप याकाले पन्चानन्तर्य पापलाक जुरो श्रयोऽस्तु संवत ६३२ आषाढ कृष्ण चतुर्दशी पर अमावास्यायां पुनर्वसु नक्षत्रे वज्रयोगे सोम दिने शुभम् ।।

ताम्रपत्र

.....सम्वत ६०५ आस्विन शुक्ल चतुर्थ्यांयां-तिथौ । अङ्गार वासरे । भाषा शिव लितिन लिला वर ङाव जोगी भलादत्व सकलं लिथ्यन ङाव चक्र वियथातं किटन द्वँ बू रोव ४ तलप ति समत श्व बूया वाससन द्वथ्यम् व्रषम्प्रतं बसवम् चक्र विस्य निस्त्रप निर्व्वा हरपं यज्ज माल ।

उपर्युक्त स्वर्णपत्र र ताम्रपत्र सत्यनारायण प्रजापतिले देखाउनुभएको हो ।

यो जोगीचक्र क्रियाको बेलामा कागलाई भाग किन पन्छाउनु परे, गरुड पुराणमा केही उल्लेख छ । ग्रन्थहरूको अध्ययनमा हरेक कल्प कल्पमा काग पंछिको उल्लेख छ । सम्पूर्ण अध्ययन गर्नु बाँकी नै छ । तँपनि संक्षेपमा देवताहरूले कागलाई ठूलो स्थानमा राखेर कागलाई ४ प्रकारका गुण अवलम्बन गर्न पाउने गरी वरदान प्रदान गरेका छन् । तो वरदान हुन्—

१) मृतक व्यक्तिहरू प्रेतात्मा भई बसेकालाई आफूले लिएर पुऱ्याइदिने ।

२) परदेश लाग्ने जहान परिवारलाई चाँडै फर्कन सूचना दिने ।

३) सरस्वतीले बिर्सेका कुरा सम्झाइदिने अथवा छुटेका कुरालाई कागका पैतला चिन्ह राखी थाप्न पाउने ।

४) यम पञ्चकको समयमा कागलाई पूजा नगरिएमा स्वर्गबास हुन नपाउने ।[2]

करीब ३३५ वर्ष अगाडि मल्लकालमा भक्तपुरका राजा विश्वमल्लले स्थानीय जनताले आर्थिक अवस्थाको कमजोर गरीबहरूले पनि जोगीचक्रको संस्कार भै मृतकहरू प्रेतात्मालाई पञ्चतत्त्वमा समावेश हुन र प्रत्येक जनता दुर्घटना परी मृत्यु भएका कुनै जात्रा मेलामा दुर्घटना भई मृत्यु भएका सबै प्रजाजनको आत्मा प्रेतात्माबाट पञ्चतत्त्वमा समावेश हुन पाओस् र देशमा शान्ति सुव्यवस्था हुन पाओस् भनेर प्रत्येक वर्षको मेष संक्रान्तिको एकदिन अगाडि भक्तपुर टौमढी टोलमा भैरव नाथको अगाडि जोगीहरूलाई चक्र दिने बेडी समेत निर्माण गराएको भाषा वंशावलीमा उल्लेख छ । उक्त चक्र पूजा चलाउनका लागि सामग्रीहरू बनाई तयार पार्न र सरसामानहरू सुरक्षाको लागि एउटा घरको निर्माण गर्न लगाई दानको रूपमा बन्दोवस्त गराएका थिए । टौमढी टोलस्थित हालसम्म भएका सुन्धारा (ढुङ्गामा तामाले मोडी सुन जलप लगाएको) अगाडि पूर्व र वेडीको दक्षिण कोणका घर हुन् भन्ने स्थानीय बूढापाकाहरूको भनाइ छ । उक्त घरमा अद्यावधि पूजा सामग्रीहरू तयार पार्ने परम्परा छ । टौमढी टोलस्थित उक्त सुन्धारा ने. सं. ५६० जेष्ठ शुदि १० रोजमा राजा यक्षमल्लले स्थापना गरेका हुन् भन्ने त्यहाँ भएका अभिलेखबाट अवगत हुन्छ । केही वर्ष पछि जोगीचक्रको पूजा सञ्चालन गर्ने कनफट्टा जोगीहरू बस्नका लागि पनि अर्को एउटा घर निर्माण गर्न लगाएको वंशावलीमा उल्लेख छ । वंशावलीमा यो पनि उल्लेख छ कि उक्त घर निर्माण गरेका स्थानमा एउटा ठूलो अजिस्वाँ भन्ने फूल फुल्ने रूख थियो । उक्त रूखलाई हटाई सोही ठाउँमा निर्माण गरिएका घरका काठहरू त्यो अजिस्वाँ भन्ने रूखको काठ नै प्रयोग भएकोले त्यस घर निर्माण भएका स्थानलाई अजिस्वाँमढी नामले प्रख्यात भएको हो भन्ने भनाइ छ ।[3] जोगीचक्र पूजा सञ्चालन गर्ने कनफट्टा जोगीहरू बस्नका लागि सो घर निर्माण गरेका अभिलेख पनि पाइन्छ भनी स्थानीय बूढापाकाहरूको भनाइ छ । तर उक्त अभिलेख पत्ता लगाउन सकेको छैन । सो घरमा आजभोलि गुठी संस्थानले न्यातापोल क्याफे रेष्टुराँ खोल्न लगाई रेष्टुराँ सञ्चालन भैराखेको छ ।

मेष संक्रान्तिको एकदिन अगाडि टौमढी टोल-स्थित आकाश भैरव अगाडि उक्त वेडोमा हुने जोगीचक्र पूजामा १२ वटा माटाका घ्याम्पाहरूमा रक्सी जाँडले भरी कनफट्टा जोगीहरूले भेंडा बलि चढाई (यताका वर्षहरूमा बोका) विधिविधान अनुसार जोगीचक्र पूजा गर्ने चलन छ तर १२ वटा माटोका घ्याम्पोको बदला कहिले ९ वटा कहिले ७ वटा मात्र राखेर पूजा गर्ने गर्दछन् । हिजोआज उक्त जोगीचक्र पूजा सञ्चालन गर्ने कनफट्टा जोगीहरू देउपाटन मृगस्थलीका आवासीय भएका छन् । यी कनफट्टा जोगीहरूले उपत्यकाको प्रत्येक ठाउँमा हुने जोगीचक्र पूजा सञ्चालन गराइराखेका छन् । चैतमा हुने श्वेत मच्छिन्द्रनाथको रथजात्रामा पनि असन टोलमा रथ पुग्दा रथको अगाडि पनि यी कनफट्टा जोगीहरूले जोगीचक्र पूजा गर्ने गर्दछन् । भक्तपुर टौमढी टोलमा जोगीचक्र चलाउने स्थानमा आजभोलि प्रत्येक दिन नव दाफा भजन र अरू धल्चा भजन गर्ने गर्दछन् ।

जगत् चन्द्र

मल्ल राज्यकालमा नै विश्वमल्लका चार पुस्ता पछिका राजा जगत्प्रकाश मल्ल पनि धार्मिक कार्य र देश निर्माण कार्यमा ठूलो आस्था भएका राजा थिए । उनले

---

२) हाम्रो सांस्कृतिक पर्व र जात्राहरू, लीलाभक्त मुनंकर्मी, पृष्ठ ५७ ।

३) मल्लकालीन नेपाल, लीलाभक्त मुनंकर्मी, पृष्ठ २८ ।

पनि जोगीचक्र पूजालाई निकै योगदान दिई गुठीको व्यवस्था गराई २४ रोपनी जग्गाको दानको रूपमा राखेर जोगीचक्र पूजाको कार्य सञ्चालन गरेका दुई वटा अभिलेख राखेका थिए।[4] अभिलेखहरूमा राजा जगत् प्रकाश मल्लले मुख्य मन्त्री चन्द्रशेखर उपाध्यायलाई गुणगानकासाथ बयान गरेका छन्। मुख्य मन्त्री चन्द्रशेखर उपाध्यायले राजा जगत्प्रकाश मल्ललाई राजाका मन परेका अन्नपूर्णा लक्ष्मीदेवीको कन्यादानको व्यवस्था मिलाई सहयोग गरी मद्दत गरेकोले राजाले उनलाई मुख्य मन्त्री पदमा नियुक्त गरी राजकाजको कार्य र धार्मिक कार्यमा राजाको मुख्य मन्त्री नै प्रिय भएको अभिलेखहरूमा देखिन्छ।[5] राजा जगत्प्रकाश मल्लले खौमा टोलस्थित उमा महेश्वरको मन्दिर निर्माण गर्न लगाउँदा मन्त्री चन्द्र शेखर (चाँड शेखर) को गुणगान गरी राजा र मन्त्री दुई व्यक्ति भए तापनि यी दुवै व्यक्ति एकै हुन् भनी अभिलेखमा उल्लेख गरिएको देखिन्छ। राजा जगत्प्रकाश मल्लको अगाडिको पद जगत् र मुख्य मन्त्री चन्द्रशेखरको अगाडिको पद चन्द्र दुवैको पद जोडेर दुवैको नामबाट नै जगत्चन्द्र नामले अभिलेख कोर्न लगाए। यो कुरा भक्तपुर कला संग्रहालयमा भएका "दश अवतारको गीत रचना" र बीर पुस्तकालयमा रहेको "मूल देशशि देव व्यवस्था" भन्ने नाटकमा मन्त्री चन्द्रशेखर (चाँड शेखर) को गुणगान गरी गीतको मङ्गलाचरण समेत उल्लेख गरी मन्त्री र राजामा फरक छैन भनी उल्लेख छ।[6] यसबाट मुख्यमन्त्री चन्द्रशेखर उपाध्याय कत्तिको शक्तिशाली व्यक्ति रहेछ भन्ने अनुमान गर्न सकिन्छ।

अब राजा जगत्प्रकाश मल्लले तान्त्रिक विधि अनुसार जोगीचक्र पूजा गर्न व्यवस्था गरेका विषयमा केही संक्षेपमा यहाँ उल्लेख गरिन्छ। राजा जगत्प्रकाश मल्लले चार पुस्ता अगाडिका राजा विश्वमल्लले जस्तै जोगीचक्र पूजाको क्रिया सञ्चालन गर्न नसक्ने जनता र मेला दुर्घटनामा परी मृतक व्यक्तिहरूको लागि आत्मा शान्ति र मृतकहरू पञ्चतत्त्वमा समावेश हुन पाओस् भन्ने अभिप्रायले तान्त्रिक पद्धतिबाट क्रिया सञ्चालन गर्नका लागि मूलचोकको नैऋत्यकोणमा अथवा तलेजु भवानीको मूल मन्दिर र कुमारीचोक (याताचोक) को कोणमा स्नेह मण्डप नामले राम्रो ढुङ्गाले छापी वेडी बनाउन लगाई प्रति वर्ष मेष संक्रान्तिको दिनमा जोगीचक्र चलाउन पर्ने गरी आफ्नो सालिक समेत तलेजु भवानीलाई चढाइएका अभिलेखहरू अद्यावधि छन्।[7]

भक्तपुर तलेजु भवानीको मूलचोकको यही नैऋत्यकोणको स्नेहमण्डप वेडीमा प्रति वर्ष मेष संक्रान्तिका दिन आजभोलि दर्शनधारी कुशलेहरूलाई भोज खुवाउने धासापा भन्ने जोगीचक्र दिने कार्य हुन्छ। तब मात्र बिस्केटमा हुने लिङ्ग जात्रा बिसर्जन गराउने परम्परा थियो। मूलचोकको तलेजु मन्दिरको ढोकामा टाँसिएका स्वर्णपत्रमा उक्त स्नेहमण्डपको बेडीमा वर्षको ३ पटक (महानवमी, पिशाच चतुर्दशी र कोलु क्यातको समयमा) बत्ती बाल्न ६ पाथी तेल खर्च गर्नु पर्ने जग्गाको गुठी राखेको थियो। तर हिजोआज त्यहाँ बत्ती बाल्ने कार्य बन्द भैसकेको छ, सिर्फ बडादशैंको समयमा तलेजु भवानी मूल मन्दिरबाट याताचोक (कुमारी चोक) सवारी हुने जात्रा र विजया दशैंको टीका पूजा विसर्जन भैसकेपछि कुमारीचोकबाट मूल मन्दिरमा

---

४) पूर्णिमा, अङ्क ७, ८, पृष्ठ ४७ र २२।

५) अभिलेख संग्रह, भाग ७, पृष्ठ २१।

६) पूर्णिमा, अङ्क ८ को पृष्ठ २१।

७) (क) भक्तपुर हरिशङ्कर पाटीको संवत् ७८२ को अभिलेख।
(ख) भक्तपुर दरबार स्क्वायरको सिद्धिलक्ष्मीको मन्दिरको संवत् ७८२ को अभिलेख।
(ग) भक्तपुर टौमढी टोलको भैरवनाथको सालिकको संवत् ७८८ को अभिलेख।
(घ) भक्तपुर नगदेशचोकमा रहेको ने. सं. ७९२ को अभिलेख।

चलाइने जात्रामा मात्र उक्त स्नेहमण्डप वेडीमा बत्ती बाल्ने गर्दछन् । यसै बेला राजा जगत्प्रकाश मल्ल, जीतामित्र मल्ल, भूपतीन्द्र मल्ल र रानी लालमतीको सालिक प्रदर्शन गर्ने गर्दछन् । यही तलेजु भवानीको जात्रामा ६४ पाला र ची लाख बत्ती बाल्ने कार्य हुन्छ । हिजोआज अरू बखतमा बत्ती बाल्ने चलन बन्द भैसकेका छन्, तर गुठी संस्थानमा लगत त कायम नै छ । सो स्नेह मण्डप निर्माण भैसकेपछि राजा र भारदारहरू त्यही स्नेह मण्डपमा बसेर राजकाज र धार्मिक कार्यको विषयमा छलफल गरी प्रजाजनलाई जात्रा र राजदरबारको आदेश जाहेर गर्ने गर्दथे भन्ने बूढापाकाहरूको भनाइ छ । तसर्थ उक्त बेडीमा सर्वसाधारण बस्न निषेध थियो भन्ने छ, तर सो नियम पनि हटिसकेको छ ।

अर्को जोगीचक्र पूजाको कार्यक्रम प्रत्येक वर्षको वैशाख २ गतेका दिन हालको कला संग्रहालयको अगाडि १२ वटा माटोको घैंटोलाई परालको चक्का आसन राखी जाँड रक्सीले भरी कनफट्टा जोगीहरूले विधि-विधान बमोजिम पूजा गरी हाँस बलि चढाई उक्त लहरै १२ वटा घैंटोलाई पूजा गर्ने चलन छ । यसलाई पनि जोगीचक्र पूजा भन्ने गर्दछ । त्यस्तै त्यसको भोलिपल्ट पनि अथवा वैशाख ३ गतेका दिनमा पनि दरबार स्क्वायरमा रणजीत मल्लको घण्टा मुनिको पाटी अगाडि कनफट्टा जोगीहरूले १७ वटा माटोको घैंटोमा जाँड, रक्सीले भरी विधि-विधान बमोजिम पूजा चढाई राँगाको बलि चढाई चक्रपूजा गरिन्छ । मल्ल राजाहरूमा अन्तिम मल्ल राजा रणजीत मल्लले तलेजु भवानीको नित्य बिहान-बेलुका आरतीको समयमा बजाउने ठूलो घण्टा स्थापना गर्दा सो जोगीचक्र पूजा चलाउन कनफट्टा जोगीहरू बस्नका लागि घण्टाको मुनि पाटीको रूपमा ढुङ्गाको थाम राखेर ढुङ्गाले बिछ्याई निर्माण गर्न लगाएको हो भन्ने जनश्रुति छ । उपर्युक्त जोगीचक्र पूजाबारे राजा जगत्प्रकाश मल्लले राख्न लगाएका अभिलेखहरूका स्थान र नेपाली रूपान्तर निम्न प्रकारका छन्-

पहिलो अभिलेखको नेपाली रूपान्तर

श्री तलेजु भवानीलाई नमस्कार । ने. सं. ७८२ मार्ग शुक्ल षष्ठि आदित्यवार श्रावण नक्षेत्र धुपयोग तौलिक करण भएको राम्रो दिनमा राजाहरूमा शिरोमणि नेपालका राजा जगत्प्रकाश मल्लले श्री मानेश्वरीलाई खुशी पार्ने विधि बमोजिम असल मण्डप समर्पण गर्नु भयो ।

दुई छोराहरूले सेवा गरिरहेका, सेवा गर्नमा सिपालु भएका, हातमा माला लिएका असल मन्त्री चन्द्र शेखर (चाँड शेखर) ले सेवा गरिएको, नियमको पालना गर्ने गुणी राम्रो विद्वान् राजा जगत्प्रकाश मल्लको बेजोड सालिक सबभन्दा उत्तम रहेको छ ।

(उपर्युक्त अभिलेख हरिशङ्करको पाटीको हो ।)

दोस्रो अभिलेखको नेपाली रूपान्तर

नेपाल मण्डलमा श्री श्री श्री पशुपतिनाथको समिपमा वाशुकी क्षेत्र वागमतीको पूर्वपट्टि यही पुण्य भूमि भक्तपुर राजधानीमा आज कलिगत संवत् ४७६३, ने. सं. ७८२, (वि.सं. १७१९) विरोधकृत सम्वत्सर वसन्त ऋतु चैत्र कृष्ण पञ्चमी शनिश्चरवार जेष्ट नक्षत्र वरियान योग कौरवकरण जीवहिरा भित्र मुहूर्तमा मेष राशीमा, सूर्य वृश्चिक राशीमा, चन्द्रमा भएको विषुवत संक्रान्ति (मेष संक्रान्ति) को विशिष्ट पर्वको दिन भक्तपुरमा छत्र समेतका एघार वटा सुनका जलपदार गजूर, जलपदार छाता, तोरण, झ्याल, ढोका देवीका मूर्ति २ राशी नक्षत्र आदि अनेक मूर्तिहरूले जगमगाएको स्वर्गलाई पनि माथ गर्ने धेरै राम्रा मन्दिरहरूमा राज भएका आफ्ना श्री श्री श्री इष्ट देवता (तलेजु) भवानीलाई खुशी पार्नका लागि मानव गोत्र भएका रघुकुलमा पैदा भएका श्री श्री जगत्प्रकाश मल्लबाट स्नेहमण्डपमा प्रत्येक वर्ष बत्ती बाल्न, दही, च्यूरा, रोटी (लड्डु), मासु बाँड्न र दर्शनधारी (कुशले) लाई भोज खुवाउन समेत २४ रोपनीको जगा गुठी राखियो । मेष संक्रान्तिको दुई दिन पछि जोगीचक्र (चक्रपूजा) गर्नु, २० पाथी चामलको भात पकाउनु, ३४ पाथी चामलको जाँड बनाउनु, १७

घडा जाँड, ४० पाथी गहूँको पीठो, २॥ पाथी मास, मुखभरी दाँत भएको रांगा १ के रुपैयाँ ६।, सरुवा चामल दुई कुरूवा, नून तीन कुरुवा, तेलमाना ६, हिं २ कु (केही पाउ) अदुवा एक कोर (एक कुरुवा), बेसार एक रुपैयाँ, दाउरा····· र नवमीको दिनमा, पिशाच चतुर्दशीको दिनमा र कोरु क्यात् यी तीन पटक बत्ती बाल्न ३ पाथी तेल दीयो पाला ६४, प्रत्येक पटक चामल आठ ८ काम गर्नेलाई दिनु ।

(उपर्युक्त अभिलेख भक्तपुर नगर पञ्चायतको ढोका अगाडिको एकतल्ले श्री सिद्धिलक्ष्मीको रातो मन्दिरमा भएको हो ।)

तेस्रो अभिलेखको नेपाली रूपान्तर

सदाशिव मल्ल बसेको चोक बिग्रेको हुनाले श्री श्री जय जगत्चन्द्र मल्ल देवले जीर्णोद्धार गरी आ–आफ्नो सालिक प्रेमपूर्वक राख्नु भयो । श्री कुलदेवी तलेजुको नजिकमा रहेको यो चोक अत्यन्त उत्तम छ । टीकाधारी श्री श्री राजाले यसको हेरविचार गर्नु पर्छ । श्री श्री श्री तलेजुको सेवाको लागि यो सालिक राखेको मिति ने. सं. ७९२ जेष्ठ कृष्ण भलभल अष्टमी शनिश्चर बार उत्तम भाद्र नक्षत्र शौभाग्य योग पर्ने मुहूर्तको दिन हो ।

(उपर्युक्त अभिलेख गणेशचोकमा दुई वटासंगै रहेको अभिलेखमा एउटा शिलापत्रको केही अंश हो ।)

चौथो अभिलेखको नेपाली रूपान्तर

ॐ स्वस्ति ।। श्री आकाश भैरव कहाँ श्री श्री जगत्चन्द्र देवले राखेको सालिक बिग्रेको हुनाले श्री श्री जय भूपतीन्द्र मल्ल देवले पित्तल भरेर बनाएको । पहिलो मिति संवत् ७८८ जेष्ट शुदि । बनाएको मिति संवत् ८३३ कार्तिक कृष्ण द्वितीया मृगशिर नक्षत्र सिद्धियोग अंगार वार ।

(उपर्युक्त अभिलेख टौमढी टोलका आकाश भैरवमा रहेको ढलौटको सालिकको अभिलेख हो ।)

माथि उल्लेख गरिएका जोगीचक्र पूजा हिजो-आज सञ्चालन हुने स्थान र मिति यस प्रकार छन्– जोगी चक्र पूजामा हिजोआज कहीं ६–७ वटा, कहीं १२ वटा, कहीं एउटा मात्र र कहीं १७ वटा माटोको घैंटोमा पूजा गरी, कहीं बोका, कहीं हाँस, कहीं कुखुरा, कहीं रांगा बलि चढाई कनफट्टा जोगीहरूले पूजा गर्ने गर्दछन् । खर्च सकेसम्म कटौती गरी आवश्यक मात्र खर्च दिई गुठी संस्थानले पूजा सञ्चालन गराइराखेका छन् ।

पूजा संचालन हुने स्थान

१) चैत्र शुक्ल नवमीका दिनमा काठमाडौं, असन टोल श्री श्वेत मच्छिन्द्रनाथको रथ अगाडि ।

२) मेष संक्रान्तिको एकदिन अगाडि मसान्तको दिनमा भक्तपुर टौमढी टोल आकाश भैरव अगाडि भेंडाको बदला बोका बलि चढाई ६, ७ वटा माटाका घैंटोमा पूजा गर्ने गर्दछन् ।

३) मेष संक्रान्तिको दिनमा अथवा वैशाख १ गतेको दिनमा भक्तपुर तलेजुको मूल चोकको स्नेहमण्डप वेडीमा (दबली) घासापा भन्ने जोगीचक्र कुशले-हरूलाई भोज वितरण गर्ने ।

४) मेष संक्रान्तिको दिन अथवा वैशाख १ गते भक्तपुर टौमढी टोलमा ५–६ वटा घैंटा पूजा गरी जोगी चक्र पूजा गर्ने ।

५) मेष संक्रान्तिको भोलिपल्ट अथवा वैशाख २ गतेका दिन भक्तपुर दरबार स्क्वायर कला संग्रहालय-को अगाडि हाँस बलि चढाई जोगीचक्र पूजा गर्ने ।

६) मेष संक्रान्तिको दुई दिनपछि अथवा वैशाख ३ गतेका दिन भक्तपुर दरबार स्क्वायर ५५ झ्याल अगाडि रणजीत मल्लले स्थापना गरेको ठलो घण्टा मुनि पाटी अगाडि सञ्चालन हुने कनफट्टा जोगीहरूद्वारा १७ वटा माटाका घैंटालाई जाँड रक्सीले भरी रांगा बलि चढाई जोगीचक्र पूजा गर्ने ।

पाद टिप्पणीहरू

१) बनारसवाट प्रकाशित– गरुड पुराण, अध्याय ११।

२) मुनकर्मी, लीलाभक्त– हाम्रो सांस्कृतिक पर्व र जात्राहरू, २०४३ ।

३) --, मल्लकालीन नेपाल, २०२५ ।
४) --, नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन।
५) संशोधन मण्डल– पूर्णिमा, अङ्क ७ र ८ ।
६) संशोधन मण्डल– अभिलेख संग्रह, भाग ७ ।
७) --, पूर्णिमा, अङ्क ६ र ९ ।
८) ने. सं. ७२२, ७८८, ७९२ का शिलापत्रहरू ।
९) स्वर्णपत्र– तलेजु मूलचोक ।
१०) हस्तलिखित ग्रन्थ– कुलार्नवतन्त्र ।
११) लगत्– गुठी तहसिल तथा खर्च कार्यालय, भक्तपुर ।
१२) भक्तपुरको शिलालेख सूची– वीर पुस्तकालय, काठमाडौं ।

प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल–भोट युद्धको ऐतिहासिक सामग्री

(गताङ्कको बाँकी)

३८. सिकार्जुं देषि ल्हासासम्ममा रसद पाइन्या ठाउंमा रसद र दरको अंदाज–

असामि– वास– कोस– सतु– कादर–

सिकार्जुंका रसदले ५।६ सै जनालाई वर्ष दिनसम्म पुग्छ वरिपरिका रसदले भन्या १।.१।। हजार जवानलाई वर्ष दिन सम्मलाई पुग्ला– १९– ८५।।.– ।३।– ।३।।

ल्हचिजुंका रसदले १ हजार जवानलाई वर्ष दिनसम्म पुग्ला वरिपरि स्मेतले गरि भन्या १०।१२ हजार जवानलाई वर्ष दिनसम्मलाई पुग्ला · २३– ११४।।– ।५।– ।५।।

फिजोलिका रसदले १।२ सै जनालाई वर्ष दिन सम्म पुग्ला. वरिपरिका रसदले भन्या ५।६ सैलाई वर्ष दिनसम्म पुग्ला– २४– ११८।।– ।३– ।३।।

डिगर्चाका रसदले १५।२० सै जवानलाई वर्ष दिन पुग्ला.वरिपरिका स्मेतले भन्या ८।१० हजारलाई वर्ष दिनसम्मलाई पुग्ला– २८– १४१।।– ।४।४– ।५

पेताझोङका रसदले ४।५ हजारलाई वर्ष दिन सम्मलाई पुग्ला– २९– १५०।।– ।३।४– ।४

ग्याचिझोङका रसदले ३।४ हजार जनालाई वर्ष दिनसम्म पुग्ला वरिपरिका रसद ले स्मेतले भन्या ६।७ हजारलाई वर्ष दिन सम्मलाई पुग्ला – ३०– १५७।।– ।५– ।५।।

कामाफासिका रसदले १।१।। हजारलाई वर्ष दिन सम्मलाई पुग्ला वरिपरिवाट पनि आयो भन्या ४।५ हजारलाई वर्ष दिनसम्म लाई पुग्ला – ।३५– १८८।।– ।४– ।४।।

ल्हुस्यु झुंका रसदले १।१।। हजारलाई वर्ष दिन संमलाई पुग्ला वरिपरिवाट पनि आयो भन्या ४।५ हजारलाई वर्ष दिन सम्मलाई पुग्ला – ३६– १९३।।– ।४।– ।४।।

ल्हासाका जगेरा रसदले ५।६ हजारलाई वर्ष दिनसम्मलाई पुग्ला वरिपरि २।३ दिनका रस्तावाट नआई ल्हासामा रसद छैन–

३८– २०६।।– ।४।– ।४।।

३९. ताता पानि देखि पेचिन सहर सम्म जान्या वाटाको तपसिल–

तातापानिवाट षासा जानलाई डोलि चढि जांदा. घडि १२ लाग्यो वाटो तेर्सो उकालो छ वास– १

षासावाट छोस्यां जादा ज्मा घडि २१ लाग्यो. तेर्सो वाटो घडि १० हिडि भोट्या कोसिका तिरैतिर. कहि तेर्सो उकालो कहि तेर्सो वाटो. कहि भिरमा भन्याङ हाल्याको. विकट वाटो ११ घडिको छ. कोसिमा. भोट्या साघु ७ छन् वास– २

छोस्यांवाट कुति जांदा ज्मा घडि १४ लाग्यो छोस्यांदेषि ठुलो विकट होइन. कहिं कहिं भन्याङ पनि छ भोट्या साघु ३ फलाम साघु १ छ धेर तेर्सो वाटो. अली अलि तेर्सो उकालो छ वास– ३

कुतिवाट धकेलि जांदा. घोडा चढि कहि वढाई कहि ठिकै गरि लैजांदा ज्मा घडि १० लाग्यो. भोट्या कोसिका तिरैतिर तेर्सो वाटो कहिं ढुग्यान कहिं असल मैदानको वाटो छ. कोसिमा २ षहर्‍यामा १ ज्मा कोठ्या साघु ३ छन् वास– ४

धकेलिबाट थुलं जांदा कहि टुकुटुकु कहि छोटि कदममा लैजांदा ७।। लाग्यो कहि ढुंग्यान कहि गेगर कहि मैदान असल वाटो छ विच मा गाउ ३ गोर्षालिको फौज जादा उठ्चाका रह्या छन् आज काल गाउ पिच्छे २।३ घर वस्याका छन्. ठाउं ठाउं षेति पाति पनि गर्‍याको रहेछ. वास ५ थुलवाट लंगुर भन्याको गाउं जांदा ज्मा घडि १६ लाग्यो. थुलु देषि. घोडा वढाइ ल्याउंदा १।। घडिको वाटो. असल मैदान छ ताहादेषि कहि तेर्सो उकालोमा. घोडा टुकुटुकु गरि लैजांदा घडि ६ पला ५० गै. भैरव लंगुर को फेदि पुग्यो. दाहिना तिरका हिमालयवाट कोसि आयाको छ ताहावाट तेर्सो उकालो घडि २ पला ३५ गै भन्याङ १ पुग्यो. भन्याङ देषि नजानिदो वाटो. तेर्सो वल्लालो छ. तेहि भैरव लंगुर देषि यउटा. षोलो आई. तल वेसि पुग्यापछि. वागमतिको रेति भंदा. ठुलो रेति. परि. टिगरि मैदानमा मिल्याको छ. टिगरि मैदान गज कोस ३ लमाइ कोस ४ होला. तेहि मैदानका वारिपट्टि. लंगुर भन्याको गाउं छ. ताहासम्म पुग्दा घडि ८ पला १० लाग्यो वास– ६

लंगुर गाउंवाट टिगरिका पौवा जांदा घडि ६ लाग्यो. वासवाट हिडनि वित्तिकै अरुन्मा कोठ्या साघु तरि. टिगरिमा टुकुचा जत्रा २ षहर्‍या छ २।४।२।४ घर वस्या वस्याको रहेछ. अलि अलि षेतिपाति पनि गर्‍याको रहेछ. वर्षामा पानि पर्दा भयाका १०।१५ षाडि पनि छन्. यो टिगरि मैदानमा धेर ढुग्यान्. कहि कहि माटो. भयाको रहेछ. टिगरि गाउंमा किल्ला १ छ. जाहा हामीहरु पुग्दा ३ अवाज वंदुकको वढाई पनि गर्दा रह्या छन्. यो गाउं देषि कोस पाउ भर गै पौवा छ. तेस्मा वास वस्नु पर्छ वास– ७

टिगरिको पौवावाट मेर्मु जानलाई घोडा कहिं वढाई कहिं छोटी कदम संग लैजादा घडि ७ लाग्यो वाटामा रजु भन्याको षोलो १ भगालो परि आयाको ६।७ छन्. त्यो र अरू २ मिली वह्याको छ. यो षोलो वाउ पारि वास सम्म असल मैदानको वाटो छ मैदानको गज कहि १ पाउ कहि आधाउं कहि २ पाउ होला वास– ८

मेर्मु गाउंदेषि सिकार्जु जानालाई घोडा विस्तारैसित टुकुटुकु गरि लैजांदा ज्मा घडि ११।। लाग्यो. मेर्मु वाट २।। घडिको वाटो हिडि चौकोर भन्याको गाउं १ पुग्छ. ताहा पर्वतमा पुरानु भत्क्याको गढि १ छ ताहावाट २ घडिको वाटो हिडि अघि १। सै सम्म पुग्याको अरुन् षोला तर्नु पर्छ. पानि घोडाका पीठसम्म आउंदो रहेछ. गज हात ३० जसो होला. ताहावाट काहि मैदान कहिं पच्याङ कहि उकालो कहि वल्हालो भया पनि वाटो असल छ. ताहावाट अलिकति मैदान हिडि. टुकुचा जत्रो षोलो १ तरि अलिकति उकालो चढी सिकार्जु गढिमा पुग्छ. सिकार्जु गाउंमा घर ५०।६० जसो होला. गाउंका वीचमा सिकार्षोला वग्याको छ. गढि भन्या चुलि पन्याको ढुंग्यानका पर्वतमा छ. माथि देखि तलैसम्म गर्‍हे दोहरा पर्खाललाई विचमा ठाउं ठाउं घर गुम्वा रहेछ. माथि देखि तलैसम्म घोडा जान्या गरि सिढि लायाको छ. गढिमा जानलाई ढुंगाको पुल वनायाको छ. गाउंमा गढी घर जम्मा २०।२५ सै जसो होला वास– ९

सिकार्जु देखि लोलो गाउं जानलाई ज्मा घडि ४ लाग्यो सिकार्जु वाट मैदानमा वढाइ कहि पैंजा कहि कदम गरि

लैजांदा घडि २ मा लोलो भन्याको षोलो तरि ताहावाट षोलाको तिरैतिर कहिं उकालो कहि ढुंग्यान वाटामा घोडा वढाई लैजान्दा २ घडिमा लोलो भन्याको गाउं पुग्यो. षोलाको तिरमा ठाउं ठाउं २।४।२।४ घर भयाको गाउं पनि छ. षेति पाति पनि षोलाको तिरैतिरमाथि सम्म षुप गर्‍याको छ वास– १०

लोलो गाउं देखि थाकेस गाउ जानालाई ज्मा घडि ६।। लाग्यो लोलो देखि तेहि षोलाको तिरैतिर मैदानमा घोडा चढाई लैजान्दा २।। घडि लाग्यो ताहा वाट अलिकति उकालो चढि वर्‍हालो झर्दा फेरी तेहि षोलाका तिरवाट हिडनु पर्छ आहासम्म घोडा सुस्त गरि हिडाउंदा १।। घडि लाग्यो. ताहावाट फेरी षोलाका तिरैतिरवाट कहि ढुंग्यान कहि मैदानमा घोडा वढाई लोलो षोलाको कोठ्या साघुतरि थाकेस भन्याको गाउंमा वास पुग्दा २।। लाग्यो गाउमा घर २।३ छन् ताहा वास वस्नलाई पाल टागि दिदा रह्या छन् विचमा तर्नु पर्‍या षहर्‍या ४ छन् वास.- ११

थाकेसदेखि ठाभु भन्याको गाउं जानालाई कहिं छोटि कदम कहि धेरै विस्तार कहि कदमैसंग लैजादा ज्मा घडि १५ लाग्यो वासवाट थाके पुगन्याको षोलाको तिरैतिर ढुग्यान वाटामा सुस्त टुकुटुकु गरि घरि ४ गै यहि षोलाको तिरैतिर. ग्यांछो भन्याको पर्वत वसि गयाको रहेछ. तेस्मा अलि अलि उकालो कहि तेर्छो गै भज्याङ पुग्दा ३।। घडि लाग्यो भज्याङमा वन घोडा पनि रहेछ. आहा देखि आधा वाटोसम्म सुस्त गरि आधामा वढाई कदम लैजादा ७।। घडि लाग्यो भज्याङवाट ठाभु भन्याको षोलो हिमालयवाट आयाको छ. येहि षोलाका तिर ढुंग्यानवाट साघु २ तरि ठाभु भन्याको गाउ पुग्छ घर ७।८ छन् षेति पाति पनि गर्‍याको रहेछ. छोस्यांदेषि रूषको नाममा वुढो पनि देखिएन. यो गाउमा वइसबाटेर अरू रुख गरि ४०।५० रुष देखियो वास– १२

ठाभुवाट ल्हचि जानलाई छोटि कदममा घोडा लैजान्दा ज्मा घडि ५।। लाग्यो वासदेखि घडि २।। मा मागाम षोला तरि ताहावाट घडि १ मा साक्यालु षोला तरि घडि २ मा ल्हचि गाउं पुग्छ वाटो गज कोस १ लमाई कोस ३ जसो भयाको फाँट छ विचविचमा घर छ. षेति पाति पनि छ गाउंका किनारावाट ब्रह्मपुत्र वह्याको छ ति षोला २ ब्रह्म पुत्रमा मिल्याको छ. भोट्या पिपलका वगैचा लायाको छ. तेस्मा पाल टागि वास वस्न दिदा रहया छन्. ताहावाट वाटो १ अंतर वेकि डिगर्चा पुगन्या रहेछ. यो गाउंमा गढि पनि छ वास– १३

ल्हचिदेषि फिजोलि झुङ जानलाई घोडा विस्तारसित छोटि कदममा लैजांदा ज्मा घडि १८ लाग्यो. ल्हचिदेखि ब्रह्म पुत्रको किनारै किनार कहि भिरमा. सडक कहि असल मैदान वाटो छ. तिरमा वगैचा गुम्बा गढि भयाको गाउं १ छ वास– १४

फिजोलिदेषि फोतोङ तासिघाङ जानालाई ज्मा घडि ६ लाग्यो ब्रह्मपुत्रका तिरैतिर मैदानमा घोडा वढाई लैजांदा घडि ४ ताहापछि घडि २ लाग्यो. विचमा भिर्पन गया-को रहेछ. तल ब्रह्म पुत्र वग्याको छ. वाटो भिरमा छ. ताहा पनि गढि रहेछ वास– १५

फोतोङ तासि घाङदेषि स्याफागिनि जानलाई घोडा छोटि कदममा लैजांदा ज्मा घडि ९।। लाग्यो. वासदेषि अलि-कति उकालो चढि गयापछि अरु असल मैदान छ. विचमा गाउं २।३ छन्. षेति पनि वेसै गर्‍याको रहेछ वास– १६

स्याफगितिदेषि षाग जिगुम्वा जानलाई वढि कदममा लैजादा ज्मा घडि ७ लाग्यो वासवाट आउन्याविति्तकै साघु भयाको षोलो १ छ विचमा गाउं ४।५ छन् सानु गढि १ पनि छ. वाटो असल मैदान छ वास– १७

षाग जिगुम्वादेखि डिगर्चा जानलाई कहि वढि कदम कहि छोटि कदममा जांदा ज्मा घडि ९।। लाग्यो वाटो कहि नजानोदो उकालो धेरै मैदान रहेछ विच विचमा गाउ पनि रहेछ वास– १८

डिगर्चादेषि पेनाझुं जानलाई छोटि कदममा घोडा लैजांदा ज्मा घडि १३ लाग्यो वाटो अलिकति चढाउचढि भंज्याङ काटिसक्यापछि अरू मैदान रहेछ. वासवाट पाउभर जिमिनमा. लामाजिको घर कुंकेलि भन्याको रहेछ. तेसैका नगिचमा टासि छुटा भन्याको ठुलो षोलो छ. तेस्मा पत्थरका चौडा वनाई पूल हाल्याको छ. तेस पूल तरि पेनाझुंमा पुग्न घडि १।। को वाटो वाकि छंदा. वाटामा

गाधुं भन्याको राम्रो गुम्वा १ छ. वस्ति मुल जारै छ. ताहावाट पेनाझुं किल्लामा पुग्छ. किल्ला डिगर्चाको. भंदा मजगुतै रहेछ. टासि छुटाका किनारामा गाउं छ वास–१९

पेनाझुं वाट ग्यांचिझुं जानलाई घोडा वढाई लैजादा १४ घडिमा वास पुग्छ. डिगर्चावाट गयाको टासि छुटा षोलै षोला मैदान वाटामा कहिं कहिं ढुंग्यान पऱ्याको छ. ग्याचि भन्याको ठुलो सहर छ. आहा गढि १ गुम्वा १ पनि छ. यो गढि गुंवा षुपै मजगुत गरि वनायाको रहेछ. वाटामा गाउं वगैचा ठाउं ठाउंमा छन्. षेति पनि वहुतै गऱ्याको छ. सानु षोलामा. साधु १ तर्नुपर्छ वास– २०

ग्याचिझुं वाट गोप्सी गाउं जांदा घोडा ठिकै कदममा लैजांदा ८।। घडिमा वास पुग्यो. टासिछुटा षोलैषोलाको वाटो गरि जांदा वास देषि ७।। घडिमा साधु १ तरि कहि मैदान कहि ढुंग्यान कहि थोरै षुटकिल्लाको वाटो छ. देवाधर्मावाट आयाको तेरि भन्याको षोलो १ गोप्सीमा टासि छुटा. षोलामा मिलन आयाको छ. आहावाट षोटां भन्या गाउं ६ दिनमा पुग्दो रहेछ. गोप्सी गाउंमा घर ६।७ जसो होला. षेतिपाति पनि धेरै गऱ्याको छ वास– २१

गोप्सीवाट स्लुछुंदि गाउंमा जांदा घोडा वढाई कदममा लैजादा ६।। घडिमा वास पुग्यो. वाटो कहिं ढुंग्यान कहिं पहरो काहि तेर्छो छ. वासवाट हिडनि वित्तिकै देवाधर्मा-वाट आयाको षोलामा साधु तरि फेरि कदममै जसो गै टासिछुटा षोलाको साधु तरि सोहि षोलै षोलाको वाटो भरि साना ठुला गरि षहऱ्या १० षोला १ तरि फेरि टासिछुटामा अर्को साधु तरि वासमा पुग्यो. वास वस्न्या ठाउमा दाहिनातिरवाट टासिछुटा जत्रो षोलो १ आई दोभान पऱ्याको छ. वाटामा साना साना गाउं ठाउं ठाउं-मा छन्. षेति पनि वेसैसंग गऱ्याको रहेछ वास– २२

रलुंछुंदी गाउंवाट नागार्च्याझुं जांदा १७ घडिमा वास पुग्यो. रलुंदेषि टासि छुटा षोलै षोला गरि लंगुरका फेदि सम्म घोडा छोटि कदममा जांदा २।। घडि लाग्यो. याहां सम्मको वाटो असल मैदानै छ. येस फेदिदेखि हिमालयको भंज्याङमा जानालाई ढुंग्यानको वाटोमा. थोरै उकालो. षुटकिलाको वाटोमा. छोटि कदम गरि जांदा २।। घडि लाग्यो भंज्याङदेषि नागार्च्याझुं जानालाई काहि ढुंग्यान अलिकलि वऱ्हालो पऱ्याको काहि मैदानै मैदान वाटो छ भंज्याङदेषि हाम्रा दाहिनातिरवाट आयाको पारुसिउछु भन्याको षोलो १ छ तेहि षोलैषोलावाट जानु पर्छ वाआपट्टिवाट आयाको षहऱ्या भंज्याङ पारि ३ भंज्याङ वारि ४ मध्ये १ मा साधु छ भंज्याङ पारि गया कोहि उपगल्योको टासिछुटा षोलो रहेछ. भंज्याङदेषि नागा–र्च्याझुंसम्म छोटि कदममा जांदा १२ घडि लाग्यो. त्यो षोला नागार्च्याझुं १।। घडिमा पुगियेला भन्दा हाम्रा दाहिना तिरवाट पैनितालमा मिलन गयाका छन्. वाटा भरिको जगा सवै वैरानेछ. गाउनेरा मात्र येति गऱ्याको रहेछ. नागार्च्याझुंमा घर २०।२५ जसो होला वास– २३

नागार्च्याझुंवाट पैतिझुं जानालाई घोडा वढाई कदममा लैजांदा ६ घडिमा वास पुग्यो पैति तालको किनारैकिनार पाउ भर जति ढुंग्यानको वाटो उपर असल मैदानको वाटो गै विचमा २।३ गाउं नाघि किनारैमा पैतिझुं भन्या को गाउंमा पुग्यो गाउं घर ३०।३५ जसो हुनन्– गाउंका नगिचमा मात्र षेति गऱ्याको छ. अरु जगा वेरानै छ. पैति तालमा दरियाइ घोडा अरु जनावर पनि छ भन्छन्. तालको गज कहिं छुटियाको छ. काहि ठिकैको छ. लमाई फेरो घुमनालाई भन्या ७ दिनमा घुमियेला भंछन् गैन्हो यतिउति भन्या संष्या छैन वास– २४

पैतिझुंवाट नेप्सोला पर्वतका फेदिसम्म जानालाई ज्मा घडि ९ मा वास पुग्यो. पैति तालको तिरैतिर छोडि कदममा जांदा १।। घडिसम्मको वाटो असलै छ. आहा-देषि पैति ताल छोडि ढुंग्यान पऱ्याको ठाडो उकालोमा विस्तार टुकुटुकु गरि जांदा २ घडिमा भंज्याङ पुग्यो भंज्याङदेषि १ घडिसम्म तेर्छो ढुंग्यानको वाटो गै ३ घडि ठाडो वऱ्हालो झरि सानु गाउ १ मा पुग्यो. षेति पाति पनि षुपै गऱ्याको छ. हाम्रा पर्वतको झल्को रहेछ. आहा-देषि ब्रह्मपुत्रको किनार न्यापसी भन्याको गाउ वगर ब्रम्ह पुत्रको किनार पारमा जानालाई घडि १।। लाग्यो. वाटो भरि वरिपरि गाउं र षेतिपाति गऱ्याको राम्रै छ वाटो सवै ढुंग्यान वास– २५

नेप्सोला गाउवाट छुस्युंझुं जानलाई ६।। घडिमा वास पुग्यो वासदेषि उठनि वित्तिकै ब्रम्हपुत्रको घाट तरि तिरै-तिरका वाटामा ठाउं ठाउंमा गाउं छ षेतिपाति वहुतै छ. आधा वाटा जसोमा गुम्वा १ छ येस गुम्वाका पाहाडमा गढि वनायाको छ. गाउं पनि गुलजार छ. षेतिपाति वहुतै राम्रो छ. गुम्वादेषि १ पाउ गयापछि ठिकैको षोला १ छ. येस षोलाको साघु तरि आधा वाटो असल मैदान आधा वाटो ढुंग्यानमा छोटि कदममा जांदा ६।। घडीमा छुस्युझुंमा वास पुग्यो. यो गाउं ठुलै छ. गढि पनि छ. अघि भन्या असलै छ भंछन्. आजकाल अलि अलि भत्क्याको छ वास— २६

छुस्युझुंवाट नेटां जानलाई १० घडिमा वास पुग्यो. छुस्युझुंदेषि दक्षिण दिशातिर ब्रम्ह पुत्र लाग्या. हामिजान पूर्वतिर पर्दो रहेछ. वासदेषि १ पाउ जतिमा षोलाका साघुतरि कोस ।। जति हिड्यापछि ल्हासा षुसि भेटियो. येहि ल्हासा षुसिको तिरैतिर वाटो ३ षंडमा २ षंड असल १ षंड ल्हासा षुसिले पाहाडमा रेति गयाकोमा ढुंग्यान पहराको भीरको वाटो छ. छोटि कदममा जांदा १० घडि-मा वास पुग्यो विचविचमा गाउं वस्ति षेति अलि अलि छ वास— २७

नेटांवाट ल्हासा जानलाई असल मैदान वाटोमा. छोटी कदममा घोडा लैजादा ९ घडिमा वास पुग्यो. ल्हासा षुसिको तिरमा भीर १ हिडि ठिसांछु भन्याको ठुलो षोलाको पुल तरि २ घडिमा ल्हासा सहर पुग्यो वास—२८

ल्हासावाट धेसिं गुम्वा जानलाई छोटि कदममा लैजांदा घडि ७ मा वास पुग्यो. वाटो असल मैदान छ. ल्हासा-देषि २ घडिमा ल्हासा षुसिमा डुंगा तरि धेसिझुंङ गढि जानलाई ५ घडि लाग्यो विचविचमा गाउं कमोत पनि छ. गाउं ठुलै छ. वास— २९

धेसिंवाट मेतो गुम्वा जानलाई छोटि कदममा जांदा घडि १४।। मा वास पुग्यो. ल्हासा षुसिका तिरैतिरवाट जानु पर्छ. वाटो ३ षंडमा १ षंड जति कहिं ढुंग्यान कहि भिर छ २ षंड असल मैदान छ. साना ठुला गरि ज्मा षह्न्या ८ छन् २ मा तर्नु पर्छ २ या साघु छ. २ मा ठुलो पुल छ जघार ४ छन्. आहादेषि ल्हासा षुसिको तिर छोडी पूर्व हानि जानु पर्छ. उत्तरवाट षोलो १ आयाको छ. वाटोको विचविचमा गाउं र कमोद जगा. ठाउं ठाउंमा छ गाउ ठुलै छ. वास— ३०

मेटो गुम्वावाट रिजोलि गुम्वा जानलाई छोटि कदममा जांदा ८।। घडि लाग्यो वासदेषि २ घडिको वाटो गया पछि मैठु माछु भन्याको षोलो भेटिछ. तेहि षोलाको तिरैतिर. कहिं ढुंग्यान कहि मैदान. कहि कहि अलि अलि उकालो वन्हालो वाटो छ षह्न्यामा साघु ४ तर्नु पर्छ. वास येहि षोलाका तिरैमा पर्छ. आहा मध्येस जस्तो झाडि पन्याको वन डांडा पाखामा पनि अलि अलि वन वुट्टा रहेछ गाउं ठुलै छ वास— ३१

रिजोलिवाट छुसिघ्याङ जानालाई छोटि कदममा जांदा ६।। घडिमा वास पुग्यो वाटोमै ठिमाछु षोलैषोला मैदान वाटोमा अलि अलि ढुंग्यान छ. षह्न्याको साघु ५ वजाम षोलाको पुल १ तर्नु पर्छ. वाटाका वरिपरि हिउ पनि छ. मैठिमाछु षोलाका तिरैमा वास पर्छ वुटा वुट्टि वन पनि रहेछ. गाउंमा घर १५ जसो होला वास— ३२

छुसि घ्याङवाट झुमरा गाउं जान छोटि कदममा जांदा ८।। घडिमा वास पुग्यो वाटो मैठिमाछु षोलाका तिरै-तिरवाट कहि मैदान कहि ढुंग्यान कहि अलिक उकालो वन्हालो तेर्छो पच्याङ अलिक घटिया वाटो छ. वासदेषि ३ घडिका वाटो जांदा येहि षोलाका पारितिर तातापानि पनि रहेछ. फेरि घडि २ को वाटो गै मैठिछु षोलाको पुल तरि षोलो दाहिना पारि हिउं भयाको वाटो गै झुमरा गाउंमा वास पुग्यो षह्न्या र षोलामा गरि साघु ४ पुल तर्नु पर्छ. गाउं षोलाको तिरैमा छ. घर १० जसो होला हिउं भयाको ठाउंमा छ वास— ३३

झुमरा गाउवाट नुमरिजानालाई घोडा विस्तारसंग लैजादा १४।। घडिमा वास पुग्यो. वाटो कहिं ढुंग्यानका हिउं कालो वन्हालो भिर छ. वाटो साह्रै घिनलाग्दो छ. वासदेषि. लंगुरका फेदिसम्म जांदा ३ घडि लाग्यो मैठिमाछु षोलाको तिरैतिर षह्न्यामा साघु २ तरि

मैठिमाछुमा २ पल्ट जघार तरि लंगुरको उकालो चढि कहि अलिक ठाडो उकालो. कहि तेर्छो उकालो हिउ भया वाटामा हिडि येस उकालामा षहऱ्या ४ तरि भांज्याङ सम्म पुग्दा घडि ४ लाग्यो हिउंले पनि साऱ्है कुट्यो भांज्याङदेषि काहि ठाडो वह्रालो काहि भिर छ. येहि भांज्याङवाट भालाछु भन्याको षोलो १ आयाको छ. येहि षोलाका तिरैतिर गै. षोलामा जघार १ साघु १ तरि फेदिसम्म पुग्दा घडि ५ लाग्यो. आहादेषि काहि तेर्छो वह्रालो पच्याङ वाटो गै भालाछु षोलाको साघु तरि घडि २।। मा वास पुग्यो वास नपुग्यासम्म वाटामा कमोत जगा काहि देषियेन. वास नेरा काहि काहि अलि अलि छ. गाउंमा घर ३० जसो होला वास– ३४

नुमरि गाउंवाट घुम गाउं जानालाई छोटि कदममा जांदा १२ घडिमा वास पुग्यो. वाटामा काहि ढुंग्यान काहि मैदानका हिउ कालो वह्रालो भिर छ. वासवाट उठनि वित्तिकै. भालाछु षोलामा पुल तरि षोला वाग्रा गै. येसै षोलामा मिलन आउन्या येलै षोला २ मा पुल २ तरि. फेरि षहऱ्याको मा जघार १ साघु छ तर्नु पर्छ इ षहऱ्या ठुलठुलै हुन् सानासाना षहऱ्याको भन्या हिसापै भयन. जंगलैजंगल हिउनु पर्छ. षोला पारि गाउंमा १।२ घर र षेति अलि अलि छ. भालाछु षोलाको तीरैमा वास छ. यो षोला माथि भन्या सानै छ. तल पुग्दा खेरि भन्या. इ घ्यानी जत्रो होला. गाउंमा घर १० जसो होला वास– ३५

घम गाउंवाट ग्याम्ता सहर जानालाई छोटि कदममा जांदा ८ घंडिमा वास पुग्यो. वाटोमा लाछु षोलाको तीरैतीर जंगलमा आधा जसोमा भिरैभिर. आधा जसोमा काहि ढुग्यान काहि उकालो वह्रालो गरि जानु पर्छ तर्नु पर्न्या यसै षोलाको पुल १ षहऱ्याको माषु १ जघार ४ छन् विचमा घर २।४ भयाको गाउं १ छ ग्याम्टा भन्याको सहर. हाम्रो नेपालको लेष जत्रो छ. भाकालाछु भन्याको षोलो उत्तरवाट आई यसै सहरमा दोभान पऱ्याको छ. षोला २ का विचमा सहर छ येस सहरमा काठका फल्याकका छाना भयाको घर २२५ सम्म होला वास–३६

ग्याम्टा सहरवाट लर्हि गाउं जानालाई छोटि कदममा जांदा ९ घड़िमा वास पुग्यो वाटोमा कालाछु षोलालाई वाग्रा पारि जंगलैजंगलवाट काहि ढुंग्यान काहि भिर उकालो वह्रालो तेर्छो वाटो घटिया छ षेति काहि काहि छ अरू सबै जंगलै छ. षहऱ्याको साघु ४ जघार १ तर्नु पर्छ वास पुग्या ठाउंमा पनि षोला १ मा जघार तर्नुपर्छ गाउंमा घर गुम्वा गरि २०।२५ सम्म हुनन्. षोलाको तिरैमा छ वास– ३६

लर्हि गाउंवाट फाम्दो गाउं जानालाई छोटि कदममा जांदा ७।। घडिमा वास पुग्यो. वाटोमा कालाछु षोलाको तिरैतिर काहि भीर उकालो वह्रालो तेर्छो साऱ्है ढुंग्यान वाटो घटिया छ. विचमा गुम्वा १ र मैदान पनि अलिकति पऱ्याको छ षोला र षहऱ्यामा गरि साघु ३ तर्नु पर्छ गाउंमा घर ८।९ सम्म होला आहादेषि कोस १ मा भोट्याहरूको गढि धरहराको नक्सा गरि बनाग्राको छ वास– ३८

फाम्दोवाट आचा भन्याको गाउंमा जानालाई १९ घडिमा वास पुग्यो घोडा विस्तारैसंग वासदेषि थोला भन्याको लंगुर नाघी भाकालाछु षोलाको तिरैतिर तेर्छो उकालो चढनु पर्न्यो घडि १।। फेरि येहि षोला तरि भाज्याङसम्म ठाडो उकालो चढनु पर्न्या घडि ४।। आहादेषि फेदि सम्म ठाडो वह्रालो झर्नु पर्न्या घडि २। आहादेषि घोडा छोटि कदममा लैजादा सानु षोला १ तरि घर ४ भयाको गाउं १ छ वासदेषि आहासम्म ढुंग्यानको वाटो हिवैहिउमा हिडनु पर्छ. आहादेषि. षोलाको तिरैतिर काहि मैदान धेरै ढुंग्यान वाटाका विचमा सानु षोला २ तरि साऱ्है अषठ्यारो ढुंग्यान वाटो गै जामुनि भन्याको तलाउमा पुग्छ. षोलो आयाको पनि येहि तलाउमा मिलन गयाको छ. तालको किनार कोस १।। जति छ. यस्को निकास पै आयाको जामुनि भन्याको षोलो १ रहेछ. यसै षोलाको तिरैतिर जाइपुल तरि अलि अलि उकालो चढी भिरमा वास बस्न्या घर २० जसो भयाको गाउं पुग्यो ठाउं ठाउंमा गरि तर्नु पर्न्या षहऱ्या १० अंत भन्या गहु पाक्याको आहा भन्या भरषर हरिया भयाको छ वास– ३९

आचो गाउंवाट लालि गाउं जानालाई घोडा विस्तारसंग

लैजांदा १० घडिमा वास पुग्यो. वासदेषि भांज्याङसम्म ठाडो तेर्छो गरि उकालो जानु पर्न्या घडि २ पला ४० आहादेषि घडि १।५० सम्मका वाटामा घोडा लैजानु पनि मुस्कील छ आहावाट गैं सानु षोला १ तर्नु पर्छ वासदेषि वाटो आहासम्मको हिर्वहिउं छ आहादेषि च्याधाला भन्याको लंघुर नाघि षोलाको तिरैतिर काहि भिर काहि ढुंग्यान गरि जानु पर्न्या घडि ३।। फेदि आहा षोलाको जघार तरि काहि ढुंग्यान काहि मैदान गरि २ घडिसम्म हिड्यापछि षोला मिलन गयाको जानसंछु भन्याको ठुलो षोलाको पुल तरि वास वस्न्या गाउंमा पुग्यो. यो गाउं ठुलै छ चिनियाको अडा पनि रहेछ ठाउं ठाउंमा गरि तर्नु पर्न्या षह्न्या जघार गरि ४ छ. वास— ४०

लालिवाट छाक्युषां जानलाई छोटि कदममा जांदा ९।। घडिमा वास पुग्यो. वाटो काहि मैदान धेर ढुंग्यान पच्याउन्छ वासवाट अलिकति मैदानमा हिडि ठिकैको षोला १ मा साघु तरि गैं अर्को षोलैषोला हिडि जघार १ तरि ठिकैको पर्वत १ मा उकालो वह्रालो गरि. वह्रालो झरि फेरि अर्को षोलामां पुल तरि षोलाका तिरैमा वास पुग्यो गाउंमा घर छ जसो होला कमोत काहि पनि देषियेन वास— ४१

